ehetaudasandesh.com

हेटौंडा

# सन्देश

राष्ट्रिय दैनिक

प्रदेश 'क' वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः २९१ ॥ शनिबार २८ चैत २०८२ ॥ नवमी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Saturday 11 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## मन्त्री बने दुई यादव



सन्देश संवाददाता

काठमाडौं/प्रधानमन्त्री बालेन शाहले मन्त्रिपरिषद् विस्तार गरेका छन् । प्रधानमन्त्री शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले उद्योग र श्रममन्त्री नियुक्त गरेका हुन् । रास्वपा सांसद् गौरीकुमारी यादब उद्योगमन्त्री र रामजी यादब श्रममन्त्री नियुक्त भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

नवनियुक्त मन्त्रीहरुले राष्ट्रपति भवन शीतल निवासमा शपथ लिएका छन् । गौरीकुमारी महोत्तरी-४ र रामजी सप्तरी-२ बाट फागुन २१ को प्रतिनिधिसभा निर्वाचन जितेका थिए । प्रधानमन्त्री शाहले उद्योग मन्त्रालय सुरुदेखि नै आफैंसँग राख्दै आएका थिए ।

# बिस्तार हुन सकेन आवासीय विद्यालय कार्यक्रम

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले शैक्षिक गुणस्तर वृद्धिका लागि आंशिकरुपमा ५ वटा विद्यालयमा आवासीय विद्यालय कार्यक्रम सञ्चालन गरेको छ । चितवन, धादिङ, सिन्धुली, दोलखा र सिन्धुपाल्चोक जिल्लाका एक/एक वटा विद्यालयमा सञ्चालित कार्यक्रममार्फत् कुल ६ सय ६२ विद्यार्थीलाई सहभागी गराइएको छ ।



प्रदेश सरकारले लोपोन्मुख तथा अतिसीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउने उद्धेश्यले सुरु गरेको आवासीय विद्यालय कार्यक्रम लक्ष्यअनुरुप विस्तार हुन सकेको छैन । कार्यक्रम सुरु भएपनि प्रभावकारिता र नतिजाबारे पनि अध्ययन हुन सकेको छैन । उक्त कार्यक्रमको प्रभावकारिताबारे सामाजिक विकास मन्त्रालय नै बेखबर देखिन्छ ।

बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको बुँदा नम्बर-६४ मा लोपोन्मुख र अति सीमान्तकृत समुदायका बालबालिकाहरुको पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सामुदायिक विद्यालयमा आवासीय कार्यक्रम-लाई निरन्तरता दिंदै स्थानीय तहको साझेदारीमा आवश्यकताअनुसार आवासीय विद्यालय विस्तार गरिनेछ । अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयनमा तहगत् सरकारसँग सहकार्य गरिने उल्लेख छ ।

प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नम्बर-१२७ मा स्थानीय तहको साझेदारीमा हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयका आवासीय कार्यक्रम लाई निरन्तरता दिइने उल्लेख । लोपोन्मुख र अतिसीमान्तकृत समुदायका जिरेल, सुरेल, थामी, चेपाङ, माझी, दनुवारलगायत बाल-बालिकाको अनिवार्य तथा नि:शुल्क शिक्षामा पहुँच अभिवृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिने उल्लेख छ । हरेक वर्ष प्रदेश सरकारको नीति कार्यक्रम र बजेटमा उक्त विषय समेटिए पनि हालसम्म न कार्यक्रम विस्तार हुन सकेको छ न त कार्यक्रमको प्रभावकारिता र उपलब्धिको मापन हुन सकेको छ । विद्यालयको गुणस्तर वृद्धिका लागि आवासीय विद्यालयको मोडलमा अघि बढ्न सरकारको रणनीति कार्यान्वयनमा भने कमजोर देखिन्छ ।

प्रदेश सरकारले कार्यक्रमलाई निरन्तरता र विस्तार गर्ने नीति लिए पनि हालसम्म ५ जिल्लाका ६ वटा विद्यालयमा मात्र यो सीमित छ । सिन्धुलीको जनजागरण मावि, दोलखाको नीलकण्ठेश्वरी, सिन्धु-पाल्चोकको रत्नराज्य, धादिङको शंखादेवी र चितवनको राष्ट्रिय मावि मजवाडमा मात्र यस कार्यक्रम सञ्चालित छ ।

बागमती प्रदेशका १३ वटै जिल्लाका अतिसीमान्तकृत समुदाय सम्म कार्यक्रम पुग्न सकेको छैन । यस वर्ष दोलखाको सीमान्तकृत सुरेल समुदायका लागि एउटा विद्यालय थप्ने योजना बने पनि विस्तार हुन सकेको छैन । कार्यक्रमको विस्तार तथा विद्यालयलाई आवासीय ढंगबाट सञ्चालन गर्न मन्त्रालयको ठोस प्रगति देखिँदैन ।

प्रदेशका ५ विद्यालयमा सञ्चालित कार्यक्रमको अवस्थाबारे मन्त्रालयसँग कुनै तथ्यांक छैन । मन्त्रालयसँग हाल सञ्चालित विद्यालयको नाम र विद्यार्थी संख्याबाहेक कार्यक्रमको नतिजाबारे कुनै ठोस तथ्यांक उपलब्ध गराउने अवस्थामा देखिँदैन । कार्यक्रमले विद्यार्थीको शैक्षिकस्तरमा कस्तो सुधार ल्यायो वा बजेटको सही सदुपयोग भयो कि भएन भन्नेबारे मन्त्रालयले हालसम्म कुनै पनि प्रभावकारिता अध्ययन गरेको छैन । मन्त्रालयका सूचना अधिकारी चन्द्र श्रेष्ठका अनुसार सामाजिक विकास कार्यालय मार्फत् कार्यान्वयन भइरहेको उक्त कार्यक्रमको मूल्यांकन प्राप्त भएको छैन । सीमित विद्यार्थीहरुले कार्यक्रम मार्फत् सेवा लिइरहेका र सोबारे मन्त्रालयले विद्यालयको नतिजा र मूल्यांकन नगरेको उनले बताए ।

सामाजिक विकास मन्त्रालयका सचिव खुबीराम अधिकारीका अनुसार आर्थिक वर्ष २०७६/०७७ बाट सुरु भएको कार्यक्रमअन्तर्गत् सुरुमा प्रतिविद्यार्थी वार्षिक ४० हजार अनुदान दिइने गरिएको थियो । सचिव अधिकारीले लोपोन्मुख र सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गरी १० महिनाका लागि प्रतिविद्यार्थी उक्त रकम आवास, खाजा र खानाका लागि उपलब्ध गराइएको बताए ।

हाल उक्त रकम वृद्धि गरी ५० हजार पुऱ्याइएको सचिव अधिका-रीले बताए । तर, बजेट कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालयलाई नै छोडिएको उनले बताए । संघीय सरकारले हिमाली क्षेत्रका आवासीय विद्यालयका लागि तय गरेको मापदण्डलाई नै प्रदेश सरकारले आधार मानेर कार्यक्रम कार्यान्वयन गर्दै आएको उनले बताए । विद्यार्थी छनौटदेखि बजेट खर्चसम्म विद्यालयले नै गर्ने गरेका उनको भनाइ छ ।

प्रदेश सरकारले पठाएको बजेट अपुग भए सोको व्यवस्थापन गर्ने दायित्व पनि विद्यालयमा नै रहने उनले बताए । मन्त्रालयका सचिव अधिकारीका अनुसार चालु आर्थिक वर्षमा उक्त कार्यक्रमको बजेटमा ३० प्रतिशत् कटौती हुनुले समस्या थपिएको छ । कार्यक्रम उत्साहजनक भए पनि चालु आर्थिक वर्षमा बजेट कटौती हुँदा केही समस्या देखिएको सचिव अधिका-रीको भनाइ छ । बजेट अभावलाई पूर्ति गर्न मन्त्रालयले अर्थ मन्त्रालयसँग थप बजेट माग गरि रहेको र कार्यविधिअनुसार कार्यक्रमलाई निरन्तरता दिने प्रयास भइरहेको उनले बताए ।

'हामीसँग विद्यालय र विद्यार्थीको सूची त छ । तर, उनीहरुको उपलब्धि र कार्यक्रमको दीर्घकालीन प्रभावबारे विस्तृत अध्ययन हुन सकेको छैन,' उनले भने-हामीले धादिङ र चितवनका चेपाङ, सिन्धुलीका दनुवार, दोलखाका सुरेल, थामी र जिरेल तथा सिन्धुपाल्चोकका शेर्पालगायत सीमान्तकृत र विपन्न समुदायका बालबालिकाको अध्ययनलाई विशेष प्राथमिकतामा राखेर कार्यक्रम लागु गर्न खोजेका छौं । हाम्रा विद्यालयका संरचनाहरु पनि आवासीय छैनन् । जसले कार्यक्रम विस्तारमा चुनौती थपिएको छ ।

सिन्धुपाल्चोक जिल्लामा निर्माण गरिएको विद्यालयमा ५ सय जनासम्मलाई आवासीय सुबिधा दिन सकिने क्षमता रहेको बताईएको छ ।

## हेटौंडामा लिडरसिप कन्क्लेभ




सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा आज शनिवारलिडर सिप कन्क्लेभ २०२६ आयोजना हुने भएको छ । जेसीआई हेटौंडाको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा हुने उक्त कार्यक्रमले युवामा नेतृत्व क्षमता विकास गर्ने लक्ष्य राखेको छ । कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेसका सांसद् निश्चल राईको उपस्थिति रहनेछ । जेसीआई २०२६ की उपाध्यक्ष रजनी थापा र मिस नेपाल अर्थ २०१८ तथा सामाजिक उद्यमी प्रिया सिग्देल प्यानलिस्टका रुपमा सहभागी हुनेछन् । कार्यक्रमको सहजीकरण प्रसुज मैनालीले गर्नेछन् ।

कार्यक्रमअन्तर्गत् स्वागतराज प्याकुरेल र विधान राजभण्डारीद्वारा कथन (स्टोरी टेलिङ) सत्र सञ्चालन गरिनेछ भने अर्पण पराजुलीद्वारा नेतृत्वसम्बन्धि कार्यशाला पनि आयोजना गरिने जेसिजले जनाएको छ । आयोजकका अनुसार कन्क्लेभले सहभागीहरुलाई प्रेरणा दिने, अनुभव आदानप्रदान गर्ने तथा नेतृत्व विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

# दुई दिन बिदाले पर्यटन व्यवसाय चलायमान

सन्देश संवाददाता

हेटौंडा/साताको दुई दिन बिदा हुँदा आन्तरिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ । सरकारले यसअघि छोटो समयका लागि गरेको दुई दिन बिदाले पर्यटकीय क्षेत्रमा केही सुधार देखिएको थियो । सर-कारले इन्धन खपत घटाउन शनिबार र आइतबार बिदा दिएको छ ।



इन्धन खपत घटाउने भएकाले यस बिदामा पर्यटकको आगमन धेरै नबढे पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्र पूर्ववत् अवस्थामा फर्कने व्यवसायीहरु बताउँछन् । दुई दिन बिदा हुँदा कम्तिमा एक रात र दुई दिनको छोटो प्याकेज लिएर आन्तरिक पर्यटक हिंड्न पाउने छन् । क्षेत्रीय होटल संघ चितवनका निवर्तमान अध्यक्ष दीपक भट्टराई इन्धन खपत घटाउन खोजिएकाले हाल ठूलो प्रभाव नभए पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्रमा राम्रो प्रभाव पर्ने बताउँछन् ।

उनले भने-साताको दुई दिन बिदालाई दीर्घकालीन बनाउन सरकारसँग हामीले आग्रह गर्दै आएका हौं । आफू संघ अध्यक्ष हुँदा यस विषयमा धेरै पहलकदमी भएको जनाउँदै उनले हालको सरकारले यसलाई निरन्तरता दिन्छ भन्नेमा आशावादी रहेको पनि बताए । संघ उपाध्यक्ष गुणराज थपलिया विश्वबजार आइतबार पनि बन्द हुने भन्दै यसलाई निरन्तरता दिन माग गरिएको बताए । उनले भने-सातामा दुई दिन बिदा गर्दा सरकारी व्ययभार घट्ने छ । यो विश्वभरि नै हुने गर्दछ । झण्डै दुई तिहाइको सरकार भएका कारण राजनीतिक स्थायित्व हुनेमा आशावादी भएका व्यवसायीहरु अबको दिन पर्यटकीय हिसाबले राम्रो हुनेमा विश्वस्त छन् । होटल भिष्टा चितवनका सञ्चालक समेश सिलवाल सातामा दुई दिन बिदाले निरन्तरता पाउनेमा ढुक्क छन् । उनले भने-आन्तरिक पर्यटक बढ्नेमा हामी ढुक्क छौं ।

शुक्रबार र शनिबार हाल पनि आन्तरिक पर्यटकको आगमन बढी हुने गरेको भन्दै उनले अब आइतबार पनि पर्यटकको संख्या बढ्ने बताए । वनबास रिसोर्ट चितवनका महाप्रबन्धक प्रकाश न्यौपाने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सातामा दुई दिन बिदा दिन सुरु गरेको भए पनि निरन्तरता दिन नसकेको बताए । पछि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई हुँदा केही दिन बिदा दिइएको जनाउँदै उनले यसलाई निरन्तरता दिन आग्रह गरे ।

भने-दुई दिन बिदा दिँदा आन्तरिक पर्यटन व्यवसाय चलायमान हुन्छ । राज्यको भार घट्छ । यसलाई निरन्तरता दिइनेमा आफू विश्वस्त भएको पनि उनले बताए । चितवनको सौराहा, पटिहानी, मेघौलीलगायत क्षेत्रमा आन्तरिक र वाह्य पर्यटक आउने गर्दछन् । दुई दिन बिदा हुँदा देशका विभिन्न जिल्लाबाट आन्तरिक पर्यटकहरु घुम्न आउन सहज हुन्छ ।

## मोही:गाउँघरको सीमितताबाट शहरी जीवनशैलीमा

सन्देश संवाददाता

काठमाडौं/आज मोही दिवस । परम्परागत् पेयपदार्थ मोहीलाई राष्ट्रिय पहिचानका रुपमा स्थापित गर्दै स्वदेशी उत्पादन प्रवर्द्धन गर्ने उद्धेश्यले नेपाल डेरी एसोसिएसनले हरेक वर्ष चैत २८ गते राष्ट्रिय मोही दिवसका रुपमा मनाउने घोषणा गरेको हो । गत वर्ष *नियमित मोही सेवन: स्वस्थ्य र फूर्तिलो जीवन* भन्ने नारासाथ एसोसिएसनले मोही दिवस मनाएको थियो ।




नेपाल डेरी एसोसिएसन लामो समयदेखि मोही, लस्सी, दही, आइसक्रिम जस्ता परम्परागत् दुग्धजन्य पेय पदार्थको प्रवर्द्धनमा अग्रसर हुँदै आएको छ । आफ्ना प्रत्येक कार्यक्रममा अन्य कृत्रिम पेयको सट्टा मोहीजस्ता स्वदेशी पेयपदार्थको सेवा गर्दै आएको एसोसिएसनले पछिल्ला वर्षदेखि अस्पताल, विद्यालय, सामाजिक संस्थामा नि:शुल्क मोही वितरण कार्यक्रमलाई अभियानकै रुपमा अघि बढाएको छ । एसोसिएसन अध्यक्ष तथा मोही अभियन्ता प्रह्लाद दाहालले मोहीलाई एक लुकेको परम्परागत् पेयबाट सबैका सामु गर्वका साथ पस्कन सकिने स्वास्थ्यवर्द्धक पेय बनाउने अभियान सफल हुँदै गएको बताए ।

दुई दर्जनभन्दा बढी डेरी उद्योगले मोहीलाई लेबलिङ र प्याकेजिङसहित बजारमा ल्याएका छन् । हाल दैनिक झन्डै २५ हजार लिटर मोही बजारमा खपत हुँदै आएको छ भने अनौपचारिकरुपमा उपभोग हुने मोहीको मात्रा झण्डै एक लाख लिटर रहेको एसोसिएसनको अनुमान छ । दुग्ध विकास संस्थानका महाप्रबन्धक पशुपति ढुंगानाले हाल उत्पादित दूधको पूर्णखपत हुन नसकेको अवस्थामा मोहीजस्तै अन्य दुग्ध उत्पादनलाई विकल्पका रुपमा विकास गर्न सकिने बताउँदै भविष्यमा संस्थानले यसतर्फ ध्यान केन्द्रित गर्ने बताए । उनले मोही अभियानले सार्थकता पाउँदै गएको उल्लेख गरे । मोही अब गाउँघरको सीमितताबाट निस्केर शहरी जीवनशैलीसँग मिसिएको, स्वास्थ्यप्रद र गर्वका साथ पस्कन सकिने पेयका रुपमा विकसित हुँदैछ ।

नेपाल डेरी एसोसिएसनले सरकारी तथा सार्वजनिक कार्यक्रमहरुमा विदेशी तथा कृत्रिम सफ्टड्रिंक्सको सट्टा मही वा लस्सीलाई स्वागत पेय का रुपमा अनिवार्य गर्न सरकारसँग माग गरेको छ । आज शनिबारदेखि मनाउन लागिएको दोस्रो राष्ट्रिय मही दिवसका पूर्वसन्ध्यामा एसोसिएसनले विज्ञप्ति जारी गर्दै यस्तो माग गरेको हो । यस वर्ष *महीको विश्वास, स्वास्थ्यको विकास : घर घरमा फैलाऔं अभियानको प्रयास* भन्ने नारासाथ मोही दिवस मनाइँदै छ । एसोसिएसन महासचिव हेमचन्द्र खनालले चिया वा कफीको विकल्पमा शिक्षण संस्था, कर्पोरेट कार्यालय र अस्पतालहरुमा मही-ब्रेकको अवधा-रणा विकास गर्नुपर्ने बताएका छन् । यसले बालबालिकाको स्वास्थ्यमा सकारात्मक सुधार ल्याउने विश्वास छ । एसोसिएसनले सरकारका तीनै तहलाई आफ्ना सार्वजनिक कार्यक्रम, बैठक र भोजहरुमा आयातित पेयपदार्थ प्रयोग रोक्ने नीति बनाउन आग्रह गरेको छ ।

चितवनको इच्छाकामना र काभ्रेको मण्डनदेउपुर जस्ता पालिकाले मही प्रवर्द्धनमा गरेको प्रयासको प्रशंसा गर्दै देशभरिका ७ सय ५३ वटै स्थानीय तहलाई यसको सिको गर्न अनुरोध गरिएको छ । विद्यालयका क्यान्टिनहरुबाट कृत्रिम पेयपदार्थ विस्थापित गरी क्यालिसयम र प्रोबायोटिक्सको मुख्य स्रोत महीलाई स्थान दिनुपर्नेमा जोड दिइएको छ ।

महीमा क्याल्सियम, प्रोटिन र ल्याक्टिक एसिड प्रशस्त हुने भएकाले यसले पाचन प्रणाली सुधार्ने र रोग प्रतिरोधात्मक क्षमता बढाउने विज्ञप्तिमा उल्लेख छ । विदेशी पेय पदार्थको आयात रोक्दा बर्सेनि बाहिरिने अबौं रुपियाँ स्वदेशमै रहने र ग्रामीण किसानले दूधको उचित मूल्य पाउने भएकाले महीको व्यावसायिकता बढाउन सरकारसँग सहुलियतको समेत माग गरिएको छ ।

## शैक्षिक सभाहललाई २७० कुर्सी



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-४ वडा कार्यालयले आधुनिक राष्ट्रिय माविको शैक्षिक सभाहललाई २ सय ७० वटा कुर्सी हस्तान्तरण गरेको छ । शुक्रबार एक कार्यक्रमबीच वडा अध्यक्ष नवीन सिग्देलको विशेष उपस्थितिमा कुर्सी हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा वडा सदस्य गीता त्रिपाठी, वडा कार्यालय सचिव रामप्रसाद गुरागाईं, विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहम्मद समिम, विद्यालयका प्रअ रामसागर गुरागाईं, समाजसेवी भवानी शर्मा, टोलविकास नगर समन्वय समिति महासचिव शिवहरी दाहाल, विद्यालय व्यवस्थापन समिति सदस्य रेणुका फुयाँल र पीटीए अध्यक्ष केदार ढोडरीलगायतको उपस्थिति थियो ।

५ लाख बराबरको कुर्सी विद्यालयको शैक्षिक सभाहललाई सहयोग उपलब्ध गराइएको वडा सचिव गुरागाईंले बताए । कुर्सीको व्यवस्थापनपछि सभाहल सुचारुका लागि सहज भएको विद्यालयका प्रअ गुरागाईंले बताए । विद्यालयको विभिन्न भौतिक सुधार, साइन्स ल्याब र विभिन्न शैक्षिक क्रियाकलापमा वडा कार्यालयबाट विभिन्न आर्थिक वर्षमा सहयोग उपलब्ध गराउँदै आएको वडा अध्यक्ष सिग्देलले बताए । चौतर्फी शैक्षिक विकासको लागि वडा कार्यालयले विभिन्न कार्यक्रम नियमितरुपमा सञ्चालन गर्दै आएको र शैक्षिक विकासलाई प्राथमिकता दिइएको वडा अध्यक्ष सिग्देलले बताएका छन् ।

## मकवानपुर औषधि व्यवसायी संघमा थापा निर्विरोध अध्यक्ष




सन्देश संवाददाता

हेटौंडा/नेपाल औषधि व्यवसायी संघ मकवानपुरको अध्यक्ष पदमा विष्णु थापा निर्विरोध निर्वाचित भएका छन् । शुक्रबार हेटौंडामा सम्पन्न संघको १६औं वार्षिक साधा-रणसभाबाट थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको हो ।

नवनिर्वाचित कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा भरतबहादुर कार्की, थोक उपाध्यक्षमा निलम वैद्य र खुद्रा उपाध्यक्षमा यादव अर्याल चयन भएका छन् । त्यस्तै महासचिवमा कृष्णहरि न्यौपाने, कोषाध्यक्षमा सलामसिंह लामा, सचिवमा विनिता बानियाँ र सह-कोषाध्यक्षमा नरहरी थापा निर्वाचित भएका छन् ।

सदस्यहरूमा सचिता पोखरेल, सुरेश श्रेष्ठ, तीर्थमान श्रेष्ठ, प्रज्ञान घिमिरे र भागवत तिमल्सिना चयन भएका छन् । नवनिर्वाचित अध्यक्ष थापाले औषधि व्यवसायलाई व्यवस्थित, पारदर्शी र सेवामुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दै व्यवसायीहरूको हक-हित संरक्षणमा सक्रिय रूपमा काम गर्ने बताए ।

## आधिकारिक निर्णय नआउँदै बढाइयो भाडा

सन्देश संवाददाता

हेटौंडा/संघीय सरकारले अन्तर प्रदेशमा सञ्चालन हुने सवा-रीसाधनको भाडाबृद्धि गरेसँगै बागमती प्रदेशभित्र पनि सवारी भाडा मनपरि रुपमा बढाइएको पाइएको छ । संघीय सरकारको निर्णयअनुसार एक प्रदेशबाट अर्को प्रदेशमा चल्ने विद्युतीय सवारीबाहेकको भाडा बढाइएको भए पनि बागमतीभित्र चल्ने अधिकांश सवारीले भने आधिकारिक निर्णय नआउँदै भाडा बढाएर असुल्न थालेका छन् ।

बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले प्रदेशभित्र भाडा समायोजनका विषयमा सर्वपक्षीय बैठक बस्न लागेको जानकारी दिएका छन् । उनका अनुसार बैठकले अधिकतम् १६ प्रतिशत्सम्म भाडाबृद्धि गर्ने विषयमा छलफल गर्नेछ । 'केही दिनभित्र मन्त्रालयले भाडा समायो-जनको टुंगो लगाउँछ,' मन्त्री थापाले बताएका छन् । प्रदेशभित्र सञ्चालन हुने सवारीसाधनको भाडा निर्धारण गर्ने अधिकार प्रदेश सरकारसँग भए पनि हाल भने व्यवसायीहरुले स्वेच्छा-चारीरुपमा भाडा बढाएको उपभोक्ता हरुको गुनासो छ । विशेषगरि प्रदेश राजधानी हेटौंडा र आसपासका रुटहरुमा चल्ने साना तथा ठूला सवारीले भाडाबृद्धि गरिसकेको यात्रुहरु बताउँछन् । प्रदेशभित्रका सबै जिल्लामा चल्ने सवारीसाधनले गाडी भाडाबृद्धि गरेर लिएको यात्रुहरुले गुनासो गरेका छन् ।

उपभोक्ताहरुका अनुसार संघीय सरकारले निर्णय गर्नुभन्दा अघिदेखि नै स्थानीय रुटमा भाडा बढाउने क्रम सुरु भएको थियो, जसले हाल थप व्यापक रुप लिएको छ । नारायणी यातायात व्यवसायी संघ अध्यक्ष हीरालाल श्रेष्ठले भने प्रदेश सरकारले आधिकारिकरुपमा भाडा नबढाएसम्म आफूहरुले भाडा नबढाएको दाबी गरेका छन् । 'व्यवसायीहरुले आफूखुसी भाडा बढाएको भए त्यसबारे हामीलाई जानकारी छैन,' उनले भने । श्रेष्ठले पछिल्लो समय डिजेलको मूल्य अधिक बढेकाले यातायात व्यवसायीहरु आर्थिकरुपमा संकटमा परेको बताए । 'इन्धनको मूल्यवृद्धिका कारण गाडी चलाउनै कठिन भएको अवस्था छ,' उनले उल्लेख गरे ।

उपभोक्ताहरुले सरकारी निर्णयअघि नै भाडा बढाएर असुल्नु अनुचित भएको भन्दै अनुगमन कडा बनाउन माग गरेका छन् । अब प्रदेश सरकारको निर्णयले भाडा विवादलाई कस्तो निष्कर्षमा पुऱ्याउँछ भन्ने चासो बढेको छ ।

## २०५ दिनको कोर्स ९८ दिनमा कसरी पूरा गर्ने ?




सन्देश संवाददाता

हेटौंडा/नेपालको शिक्षाक्षेत्रमा हाल एउटा अनौठो 'सरप्राइज' थपिएको छ । एकातिर सरकारले हप्ताको दुई दिन (शनिबार र आइतबार) बिदा दिने निर्णय गरेको छ, अर्कोतिर विद्यार्थीको भविष्य ९८ दिनको छोटो समयमा खुम्चिँदैछ । यस गणित हेरेपछि जोकोहीलाई लाग्न सक्छ, हामी विद्यालय पढाउन जाँदैछौं कि बिदा मनाउन ?

शनिबार र आइतबार गरी वर्षमा १ सय ४ दिन त सीधैं बिदा । त्यसमा सार्वजनिक बिदा ५० दिन, प्रदेश बिदा ६ दिन, हिउँदे/वर्षे बिदा ४५ दिन, स्थानीय बिदा ५ दिन र परीक्षा तयारी बिदा ३ दिन जोड्दा वर्षभरिमा २ सय १३ दिन त स्कुलको गेटमा ताल्चा झुण्डिन्छ । विद्यालय खुल्ने दिन ३ सय ६५ मा २ सय १३ दिन कटाउँदा बाँकी रह्यो मात्र १ सय ५२ दिन । १ सय ५२ दिनमा पनि कहाँ पढाइ हुन्छ र ? भर्ना अभियान, तीन पटकका परीक्षा, नतिजा तयारी र सरस्वती पूजा जस्ता अतिरिक्त क्रियाकलापले ५४ दिन निलिदिन्छन् । अब शुद्ध किताब समातेर कक्षा कोठामा छिर्ने दिन भनेको जम्मा ९८ दिनमात्र ।

पाठ्यक्रम विकास केन्द्रले २ सय ५ दिनका लागि डिजाइन गरेको कोर्सलाई शिक्षकले यो ९८ दिनमा कसरी बिद्यार्थीलाई पूरा अध्यापन गराउन सक्छन ? त्यसमा पनि शिक्षकले आफ्नो बिरामी वा पर्व बिदा लिँदा त हातमा जम्मा ८६ दिनमात्र बच्छ । ९८ दिन पढाएर २ सय ५ दिनको नतिजा खोज्ने यो कस्तो जादुमयी शिक्षा प्रणाली हो ?

कि अब विद्यार्थीलाई कक्षामा होइन, निन्द्रामै पाठ कण्ठ हुने प्रविधि ल्याउनुपर्ने दिन आएकै हो ? सरकार ले हचुवामा निर्णय नलिने कि ?

कमाक

**हेटौंडा सन्देश दैनिक**
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५औं वर्ष



# कुखुरो : घडी चरो कि विकासे चरो ?



✍ईश्वर पोखरेल

कुखुरोलाई 'घडी चरो' पनि भनिन्छ तर मेरो विचारमा कुखुरोलाई घडी चरो भन्नु भन्दा' विकासे चरो' भन्नु उचित हुन्छ । समय नाप्ने काम घडीले हतारमा गर्छ भन्ने खालको दृष्टिकोण बनिसकेका हामी नेपालीहरूका सन्दर्भमा विचरो घडी स्वयम् विवादास्पद छ भने कुखुराले घडी चरोको उपाधि कसरी थाम्न सक्छ ?

समयलाई नाप्ने हाम्रो आफ्नै किसिमको प्रविधि छ (भलै हाम्रो प्रविधिले घडीको रूप लिन सकेको छैन ।) अरुले दश वर्षमा गरेको काम हामी एक वर्षमा गर्ने सगर्व घोषणा गर्छौं र त्यो काम २० वर्षमा पनि पुरा गर्दैनौं भने हामीले आफूलाई लोसे भनेर खुम्चिनुभन्दा हाम्रो समयको नापो अरुसँग मिल्दैन भनेर उफ्रिनु नै वुद्धिमानी होइन र ? १२ बजे कार्यालय पुगेको कर्मचारीलाई १० बजे नै उपस्थित भएको देखाउन अभ्यस्त हाम्रा कार्यालयहरू र बिदा लिनुभन्दा कार्यालय पुगेर 'चिया खान हिँडेको' जनाउ दिई दिनभरि अनुपस्थित रही पाँच बजाउन बानी परेका हामी, चार बजे ट्याक्र्याक्कै आइपुग्छु भन्ने मानिसलाई ८ बजेदेखि पर्खिनु र आउने १२ बजे आइपुग्नु हाम्रो सन्दर्भमा स्वाभाविक हो । यसरी घडी नै हाम्रो सन्दर्भमा घडी होइन भने जाबो कुखुरो कसरी घडी चरो ?

कुखुरो राति नबास्ने हुनाले यस्तो मान्यता बनाइएको हो भने समाज सुधार ऐनलाई समाज सुधारकहरूले जस्तै राति नबास्ने नियमलाई कुखु–राले उलंघन गरीसक्यो । अरु ठाउँमा कुखुरो राति बास्छ कि बास्दैन, त्यो थाहा छैन; नेपालमा नियम पालना गर्न होइन, उलंघन गर्न बनाइन्छ भन्ने बुझेर होला, यहाँ कुखुरो राति पनि बास्छ; दिउँसो पनि बास्छ (पत्यार लाग्दैन भने टर्की जातको कुखुरो पाल्नु भए हुन्छ ।)

हो; एक समयमा राति कुखुरो बास्यो भने अलच्छिन लाग्छ भन्ने खालको मान्यता समाजमा व्याप्त थियो । प्रत्येकले जहान परिवारप्रति आफ्नो भन्दा बढी चासो राख्न पाउनु पर्छ । हामी राख्छौं । सत्य, न्याय र औचित्यभन्दा महत्वपूर्ण स्वास्नीको सारी ठान्ने हाम्रो परम्परा नै बनिसक्यो त्यसैले । बिहे गरेको भोलिपल्ट मुग्लान पस्न र मुग्लानबाट प्रत्येक साता श्रीमतीलाई तीनचारवटा पत्र लेख्नु हुन्छ भने रातको अत्यासलाग्दो अँध्यारोमा भालेले 'कुखुरी काँ' भनेर आफ्नी श्रीमतीको खोजखबर गर्नु कुन ठूलो अर्घेलो भयो ? (कुखुरो बास्दा हामी 'कुखुरी काँ' भनेको सुन्छौं; तर वास्तवमा 'कुखुरी कहाँ छेस् ?' भनेको हुनुपर्छ ।)

राति बास्ने बित्तिक्कै कुखुराको घाँटी निमोठ्न छाडिदैन भने म त भन्छु, कुखुराले राति दिउँसो नभनी जुनसुकै बेला पनि बास्नु भनेको वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्नु हो । सुनिदिने स्रोता र ताली ठोक्ने भक्तहरूको राम्रो अनुकूल मिल्छ भने जुनसुकै बेला भाषण गर्न अघि सर्ने हाम्रा नेताहरूको जुन प्रवृत्ति छ; कुखुराले त्यसैको अनुसरण गरेको हो । नेताहरूको सुर न सारको भाषणबाट प्रजातन्त्रको संस्थागत विकास हुने अपेक्षा राख्ने हामीले कुखुरो बास्दा चाहिँ घामको अवस्थिति हेरेर मृत्युदण्ड जस्तो जघन्य सजाय कुन ऐनको कुन दफाका आधा-रमा दिन्छौं ?

हो; बरु कुखुरालाई 'विकासे चरो' भन्न मिल्छ । कुखुराको यो न्वारान कुखुराको नस्ल सुधारका आधारमा गरिएको होइन; देश विकासका सन्दर्भमा कुखुराले खेलेको अतुलनीय भूमिकाका आधारमा गरिएको हो । हाम्रो मुलुकको विकासका लागि कुखुराको योगदान अद्वितीय छ । हाम्रो सन्दर्भमा विकास भनेको गाउँमा मोटर पुग्नु मात्र होइन; गाउँमा मोटरको कुरा पुग्नु पनि विकास हो । यस्तो खालको विकास पुऱ्याउन नेताले गाउँमा जानै पर्छ; गाउँबाट बल्लबल्ल उम्केर शहरबासी बनेको नेतालाई शहरबाट फेरि गाउँमै लैजान गाउँसँग प्रमुख आकर्षणका रूपमा यही कुखुरो नै त बाँकी छ । त्यसैले नेताहरूको गाउँतर्फको यात्राको सुभारम्भ भालेको वलीबाट हुन्छ । यति मात्र होइन; राष्ट्रिय महत्वका विभिन्न गोष्ठी, सेमिनार, सभा, सम्मेलन, महासम्मेलन, अन्त-र्राष्ट्रिय सम्मेलन प्रत्येकमा जमघटको महत्व हेरी कुखुराले योगदान पुऱ्याएकै हुन्छ ।

नेपाललाई विश्वको गरिवतम् राष्ट्रका रूपमा गनिन्छ । नेपाले विश्वमा यो स्तर प्राप्त गर्नुमा पनि कुखुराको गहिरो भूमिका छ । नेपालको सौभाग्यशाली यस उपलब्धिको गहन विवेचना गर्न/सुन्नका लागि पनि कुखुराको जोरजाम हुनै पर्छ । आवश्यकताअनुसार आँसु झार्न गोही मात्र होइन; नेपालका चर्चित वुद्धिजीवीहरू पनि सक्षम छन् । आँसु पुछेर जब कुखुराको साँप्रासँग वुद्धिजीवीले कुस्ती खेल्नु पर्ने पालो आउँछ; त्यति बेला सहभागीहरूको अन्तर्मनले नेपालको गरिवी लाई 'धन्य' भन्नु स्वाभाविक हो । विश्वमा नेपालको प्रतिव्यक्ति आय र भौतिक विकासको स्थितिको गम्भीर बहसपछि कुनै पाँचतारे होटलको क्षेत्रभित्र 'कुखुराको साँप्रो, जिन्दावाद', 'नेपालको गरिवी अमर रहोस्' जस्ता नारा घन्कियो भने त्यो कुनै पनि अर्थमा अस्वाभाविक होइन । अन्त्यमा लामो गन्थनपछि पनि तपाई कुखुरो लाई 'विकासे चरो' भन्न तयार हुनुहुन्न ? यदि हुनुहुन्न भने कुखुराको विधवा पोथीसँग स्वर मिसाउँदै मैले पनि तपाईंलाई 'कृतघ्न' भन्नै पर्छ ।

# एलेक्साको सफलता



✍अनुष्का देउला
*कक्षा : ९, नवोदय शिशु सदन।*

एलेक्सा ! उठ खाजा खान भनेर आमा उमाले छोरी एलेक्सालाई उठानु भयो । उनीहरूको आर्थिक अवस्था कमजोर थियो र उमालाई रोग लागेको थियो । उनीहरूको आर्थिक अवस्था कमजोर भएका कारण एलेक्साले ९ कक्षामा पढेर छोडेकी थिई । उनीहरू हेटौंडाकै एक शान्त र सुन्दर गाउँमा बस्थे । गाउँमा ससाना घरहरू थिए । गाउँको वातावरण एकदमै स्वच्छ थियो । त्यहाँका मानिसहरू मिलेर बस्थे । एलेक्सा एकदमै राम्री थिई । उसको गालामा डिम्पल थियो भने आँखा एकदमै राम्रो थियो । ऊनी भर्खरको देखिए पनि धेरै रोगी थिई । उसको सानै उमेरमा बिहे भएको उमा र एलेक्साबिच १५ वर्षको भिन्नता थियो ।

एलेक्सालाई ठूलो भएर डाक्टर बन्ने इच्छा थियो । तर, आमा धेरै रोगी भएको कारण उसको ९ कक्षा पढेर छोडेकी थिई । उसलाई पढ्ने इच्छा त धेरै थियो तर उसले पढ्न पाइन । उसको आमाको आदि उपचार गर्दैमा पैसा खर्च भयो त्यसैले उसले पढ्न पाइन । ऊ दिनभरी आमाको काममा सहयोग गर्ने, बाहिर डुल्ने खेल्ने गर्थी । उसको एउटा मिल्ने साथी रमिता जहिले स्कुल जान्थिन् र उसले एलेक्सालाई विद्यालयमा पढाएको सबै कुरा भन्थी । एकदिन त्यो गाउँमा जेरिक नाम गरेको केटो आयो । उसले धेरै चोटी एलेक्सा विद्यालय नगई घुम्दै काम गर्दै गरेको देखेपछि उसले एलेक्सालाई सोध्ने निधो गऱ्यो । "तिमी विद्यालय जादैनौं ? भनेर सोध्यो । एलेक्साले भनी "हाम्रो आर्थिक अवस्था कमजोर भएको कारण र आमा धेरै रोगी भएको कारण मैले पढ्न पाइन् भनी । यो कुरा सुनेर एलेक्साको आमासँग भेट्ने निधो गऱ्यो । जेरिक एक असल अफिसर र दयालु भावनाको थियो । उसले एलेक्सालाई पढाउने निधो गऱ्यो । ऊ पनि सानै हुँदा पढ्न नपाएको कारण उसले एलेक्सालाई शिक्षित बनाउने निधो गऱ्यो ।

जेरिक र एलेक्सा उमा भएको ठाउँतिर जान लागे । "तपाई एलेक्साको आमा हो ? म एलेक्सालाई आर्थिक सहयोग र उसलाई शिक्षित बनाउन चाहान्छु । बरु उसले त्यो पैसापछि उसले सफल भएपछि दिए हुन्छ" भनेर जेरिकले भन्यो । उमा अलि अकमक्की र भनी "हजुरलाई त मैले चिनिन ।" म यो गाउँमा भर्खरै २/३ दिन अगाडि आएको हुँ म यहाँको अफिसर हुँ, भनेर जेरिकले भन्यो । जेरिकले उसलाई विद्यालयमा भर्ना गरिदियो । अर्को दिनदेखि ऊ विद्यालय जान थाली । उसको पढाइ एकदमै राम्रो भएको कारण छात्रवृत्ति पाएर पढीन् पनि ।

केही वर्षको संघर्षपछि एलेक्साले सफलता हासिल गरी । उसले डाक्टर भएपछि उसले सुरु मै आमाको उपचार गरिन् । उसले जेरिकको सबै पैसा बिस्तारै फिर्ता गरिन् । एलेक्साको सफलता देखेर उमाले अन्त्यमा बुझी कि एलेक्सालाई पहिलै पढाएको भए हुन्थ्यो भनेर सोची ।

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | |
|---|---|
| **मेष** – नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ । | **बृष** – प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । |
| **मिथुन** – सम्भावना र अवसर खोजी गर्ने समय छ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । साथीको सहयोगले हिम्मत दिलाउनेछ । | **कर्कट** – दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । |
| **सिंह** – केही फाइदा लिन अर्को वस्तु त्याग्नु पर्ला । व्यवसायमा लगानी बढाउनु पर्ने समय छ । सरसापटमा धन बाहिरिन सक्ने योग देखिनेछ । | **कन्या** – स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ । खानपान र आहारविहारमा ध्यान पुऱ्याउनुहोला केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ । |
| **तुला** – तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । घुमफिर तथा मनोरञ्जनको समय छ । | **बृश्चिक** – श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्कालै प्राप्त नहुन सक्छ । भएको आम्दानी र सञ्चित रकम समेत खर्चनु गने योग देखिएको छ । |
| **धनु** – भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ । | **मकर** – श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । |
| **कुम्भ** – आम्दानीका स्रोत पनि बढ्नेछन्, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ । | **मिन** – समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउने योगछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
बिज्ञापन शाखा : ९८६५१७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

कविता :

# तिमी र म..



✍सुमन राय
*कक्षा : ११, विज्ञान संकाय,*
*मकवानपुर बहुमुखी क्याम्पस*
*हेटौंडा-३, मकवानपुर*

॥
तिमी सूर्य बनी हेर,
म चन्द्र बनिदिन्छु ।
॥
तिमी दिन बनी हेर,
म रात बनिदिन्छु ।
॥
तिमी प्रेम गरी हेर,
म हात थामि दिन्छु ।
॥
तिमी आकाश बनी हेर,
म तारा बनिदिन्छु ।
॥
तिमी राधा बनी हेर,
म कृष्ण बनिदिन्छु ।
॥
तिमी नदी बनी हेर,
म किनार बनिदिन्छु ।
॥
तिमी कविता बनी हेर,
म कवि बनिदिन्छु ।

कविता :

# मेहनत, कल्पना र स्वर

✍ राजेन्द्रप्रसाद पोखरेल

मेहनत
मानिसभित्र सल्किने
एउटा मौन आगो हो
जसले थाकेका पैतालालाई पनि
फेरि उठ्न सिकाउँछ ।
॥
माटो खोतल्ने हात
धरतीसँग गरिएको संवाद हो
कलम समाउने औंला
समयसँग गरिएको सम्झौता हो ।
॥
एउटा पसिनाले जीवन उमार्छ
अर्को अक्षरले चेतना उज्याल्छ
तर दुवैको स्पन्दन एउटै हुन्छ
अस्तित्व जोगाउने अटल चाहना ।
॥
कल्पना
सीमाभन्दा पर फैलिएको
एउटा अदृष्य आकाश हो
जहाँ शब्दहरू अङ्कुराउँछन्
र सपनाहरू आकार लिन्छन् ।
॥
कहिले कविता भएर बग्छ
कहिले रङ बनेर बोल्छ
कल्पना
त्यो मौन शक्ति हो
जसले असम्भवलाई पनि
सम्भावनामा रूपान्तरण गर्छ ।
॥
स्वर
केवल ध्वनि होइन
यो आत्माको उद्घोष हो ।
॥
जब अन्याय उचालिन्छ
स्वर शंखघोष बन्छ
जब शान्ति खोजिन्छ
स्वर प्रार्थना बन्छ।
॥
दबिएका पीडाहरू
जब शब्द पाउँछन्
त्यो स्वर
इतिहास बदल्ने साहस बन्छ ।
॥
स्वरहरू
सानो देखिए पनि गहिरा हुन्छन्
किनकि तिनीहरू
मानवताको धड्कन बोकेका हुन्छन् ।
॥
मेहनत बगिरहोस्
अविरल नदीझैं
कल्पना फुलिरहोस्
मनका खेतमा हरियालीझैं
स्वर गुन्जि रहोस्
न्यायका पहाडमा प्रतिध्वनि झैं ।

गजल :

# साथीहरू छन्



✍वासुदेव पौडेल

खोट मात्र खोजी गर्ने साथीहरू छन्
पाइलै-पाइलामा खुट्टा तान्ने साथीहरू छन् ।
। ।
मतलबी यो संसार, कसको के भर छ र
स्वार्थका लागि मात्रै साथी बन्ने साथीहरू छन् ।
। ।
को आफ्नो, को पराई छुट्याउनै गाह्रो
प्रगति देख्दा मनमनै जल्ने साथीहरू छन् ।
। ।
यादहरूलाई मिठो स्मृतिमा सँगालेर बस
कुरा काटी वचनले नै हान्ने साथीहरू छन् ।
। ।
मनभित्रको पीडा मुस्कानले छोपिदेऊ
नुन बोकी घाउमा छर्ने साथीहरू छन् ।
। ।
तिमी बस् आफ्नै जीवन सिँगार्दै अघि बढ
ऐना देखाई दोष मात्र गन्ने साथीहरू छन् ।
। ।
आफ्नै बाटो बनाऊ, पहिचान खोज तिमी
भिडभित्र हराएर बस्ने साथीहरू छन् ।
। ।
माया गर आफूलाई, ईश्वरसँग पनि
द्वेषका खाडल आफैं खन्ने साथीहरू छन् ।
। ।
प्रगति गर, नाम राख, नांच यो जगमा
ताली बजाई प्रशंसा मात्रै गर्ने साथीहरू छन् ।

# म सरकार खोज्दैछु

✍सर्वज्ञ वाग्ले

गाउँघर, शहर अनि नगरतिर
टोल, सडक र सदनतिर
स्कूल, कलेज र बस्तीमा
सरकार नियाल्ने प्रयत्न गर्दै छु ।
। ।
किनकि,
ऊ हाम्रो
हातले दिएको भोट हो
ऊ देशको विश्वासले चलाएको
डाडु र पन्यौ हो
त्यसैले
म गाउँघरहरूमा
भोका पेटहरूमा
अनि, नाङ्गा आङहरूमा
सरकार छाम्दैछु ।
। ।
विद्यालयमा दिइने
ज्ञानका अक्षरमा खोज्दैछु
बाटोघाटो
पुल-पुसेसामा नभत्केका
अनुहारमा नियाल्दैछु
बाढी-पहिरोहरूमा
हुबरड्यामजस्तै बलियो
पर्खाल बनेर उभिएको
सरकार खोज्दैछु।
। ।
मेलम्ची, विष्णुमती र बाग्मतीमा
सङ्ला पानीका मुहानहरूजस्तै
जनजनको विश्वासमा बगेको
सरकार खोज्दैछु म ।
। ।
चट्टानजस्तै
आफ्नै बलले उभिएको
सगरमाथा जस्तै
उच्च आत्मबलले अग्लिएको
बुद्धजस्तै ज्ञानले भरिएको
सरकार मैले सपनामा देखेपछि
विपनामा खोज्दैछु
ध्रुवताराजस्तै चम्किलो सरकार
मध्य दिनमा खोज्दैछुम ।
। ।
सरकार मैले सपनामा देखेपछि
विपनामा खोज्दैछु
ध्रुवताराजस्तै चम्किलो सरकार
मध्य दिनमा खोज्दैछु म ।
। ।
हो !
मेरो भोटको विश्वास हो सरकार
त्यसैले
मैले बनाएको विश्वास
कसैको नोट र खोटमा बिक्नुहुँदैन
मेरो शिरको सगरमाथा हो सरकार
कसैले होच्याउन नसकोस्
म
मेरो विश्वासको
सरकार खोज्दैछु
ऊ जङ्गे पिलर भएर
देशको सीमा जोगाउन
निरन्तर प्रतिबद्ध होस् ।

गीत :

# तर तिमी रुँदा म पनि त रुन्छु



✍प्रमोद सुवेदी

म सक्दिनँ हाँस्न जब तिमी रुन्छ्यौ
वेदना लुकाई जब चुप हुन्छ्यौ
म त छैन लायक तिम्रो आँसु पुछ्न
तर तिमी रुँदा म पनि त रुन्छु ।
। ।
नजानिनजानी म त्यो दिल दुखाउँछु
तिमी चुप रहेरै आँसु चुहाउँछ्यौ
म बुझ्दिनँ भाषा तिम्रो मौनताको
तर तिमी रुँदा म पनि त रुन्छु ।
। ।
सबै गल्ती मेरा अब बिर्सिदेऊ
नबोली मसँग प्रतिशोध नलेऊ
म सक्दिनँ सायद तिमीलाई हँसाउन
तर तिमी रुँदा म पनि त रुन्छ ।

# सैपुको ओख्रेनी



✍ चेतप्रसाद पौडेल
(सैपुले साहिंलो)




**मुर्चुङ्गा**
**मादल**
**मुरली**
**बजाएँ ।**
**॥१॥**
**नेपाल**
**राष्ट्रमा**
**सैपुको**
**सजाएँ ।**
**॥२॥**
**लिखु र**
**त्यो तामा**
**कोसी यी**
**जुटाएँ ।**
**॥३॥**
**सैपुका**
**जनता**
**जुरुक्क**
**उठाएँ ।**
**॥४॥**
**लिस्ने र**
**सिरिशे**
**कुभिण्डे**
**भरिमा ।**
**॥५॥**
**त्यो चण्डी**
**थानले**
**बढाइ**
**गरिमा ।**
**॥६॥**
**ब्रम्हाण्ड**
**नायक**
**प्रकृति**
**लोकमा ।**
**॥७॥**
**विकास**
**दिनुछ**
**ओखेनी**
**चोकमा ।**
**॥८॥**
**सबैमा**
**सादर**
**आग्रह**
**छ मेरो ।**
**॥९॥**

जुरुक्क उठेर नमन चढाएं ।
नेपाल राष्ट्रको गरिमा बढाएं ॥

गजल :

# कर्णालीमा झरी



✍केशव राज शर्मा

आज धेरै कर्णालीमा पानी परेको छ
बलेनीमा गाग्री थापी पानी भरेको छ ।
धारामा कहिल्यै नआएपछि उसको
त्यही गाग्रोको पानी पिउँदै प्यास टरेको छ ।
॥
मिनरल वाटर पिउने तिमीलाई
गन्ध आउँछ होला
गाग्रोको नै पिउने हामीलाई बानी परेको छ ।
शिक्षा, स्वास्थ्य, अस्पतालको सुविधा नपाउँदा
अलिकति पैसा हुने बसाइँ सरेको छ ।
॥
तिमी नेता काठमाडौंमा भाषण दिँदै बसेका छौ
त्यही झरीले आज यता धेरै नोक्सान गरेको छ ।
जतातते डुबान अनि बाढी-पहिरो आउँदा
आज फेरि दुःखी गरिब जनता मरेको छ ।
॥
गाडी अनि हेलिकप्टर केही पनि हुँदैनन् यता
उकालोमा भारी बोक्दै गधा चरेको छ ।
केबुलकार र जिपलाइनको मज्जा लिँदै
हिँड्छौ तिमी
सानो बालक तुइन चढेर खोला तरेको छ ।

गीत :

# आफ्नै सम्झी आउनू



✍हरि आत्रेय

॥
कल्पनाको तिमीलाई
कस्तो साइनो लाउनु
खुलै हुन्छ मनको ढोका
आफ्नै सम्झी आउनू ।
। ।
भोगाइका तितामिठा
गीत गुनगुनाउँला
दुःख-पीडा बिर्सिएर
साथै मुस्कुराउँला ।
टाढा भए भूगोलमा
मनको नजिक आउनू
सम्बन्ध त बनाउँला
आफ्नै सम्झी आउनू ।
। ।
कति चर्को हुँदो रहेछ
मनभित्रको प्यास
अरूलाई पन्छाएर
दिएँ तिमीलाई बास ।
सँगै हिँड्ने छायालाई
कसो गरी पाउनु ?
जीवनका बात गरौंला
आफ्नै सम्झी आउनू ।

# भाडा बढाउन सिफारिस, न्यूनतम २३.९३ रुपैयाँ पुग्नसक्ने

सन्देश संवाददाता



हेटौडा/बागमती प्रदेशभित्र गाडी भाडा बढाउने तयारी गरिएको छ । बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायातमन्त्री जयराम थापाको उपस्थितिमा बसेको भाडा निर्धारण/समायोजन सिफारिस समितिको बैठकले काठमाडौं उपत्यकाका हकमा न्यूनतम भाडादरमा २५.९६ प्रतिशत बराबर वृद्धि गर्न सिफासिर गरेको हो ।

अहिले उपत्यकामा न्यूनतम भाडादर (०-५ किलोमिटर) १९ रुपैयाँ छ । अब यो भाडा बढेर २३.९३ रुपैयाँ पुग्ने छ । प्रदेश यातायात मन्त्रालयका महाशाखा प्रमुख प्रविण श्रेष्ठका अनुसार भाडा दर बढाउन सिफारिस गरिएको छ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ काठमाडौंमा रहेको र उनलाई भाडादर स्वीकृत गराउने तयारी भइरहेको उनका निजी सचिव भक्त भण्डारीले जानकारी दिए ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन उपसचिव भुवन न्यौपानेले स्वीकृत भाडादर प्रदेश राजपत्रमा प्रकाशनका लागि मूख्यमन्त्री कार्यालयबाट तयारी अवस्थामा रहन निर्देशन आएको जानकारी दिए ।

यसअघि काठमाडौंमा ७ भदौ २०८० मा भाडा समायोजन गरिएको थियो । नयाँ सिफारिस अनुसार बागमती प्रदेशमा पेट्रोलियम पदार्थबाट चल्ने ट्याक्सीमा १२.३९ प्रतिशत भाडा बढ्ने छ ।

काठमाडौं उपत्यका बाहेक स्थानमा चल्ने यात्रुवाहक सार्वजनिक सवारीमा १७.३५ प्रतिशत बढ्ने छ। बागमती प्रदेशमा चल्ने मालवाहक सवारीमा २६.७९ प्रतिशत बढ्ने छ।

बागमती प्रदेशभित्र चल्ने विद्युतीय सवारीसाधनमा भने १ वैशाख २०७९ सालमै तोकिएको भाडादर कायम हुनेछ । इन्धन मूल्यमा भारी वृद्धि भएसँगै यातायात व्यवसायीले भाडा समायोजनमा सरकारलाई निरन्तर दबाब दिइरहेका छन् । सोही आधारमा केन्द्र सरकारले यसै साता लामो दुरीको यातायात भाडा बढाएको छ।

## सुरु भयो ई-पेन्सन, ३ लाख लाभान्वित हुने

सन्देश संवाददाता

काठमाडौं/सरकारले पेन्सन बुझ्नेलाई बैंक धाउनुपर्ने अवस्था अन्त्य गराएको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आज ई-पेन्सन प्रमाणीकरण प्रणाली सुरुवात गरेका छन्। शुक्रबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा उनले महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको उक्त प्रणाली सुरुवात गरेका हुन् ।

यो सँगै साढे ३ लाख पेन्सनकर्ताको दिक्दारीपूर्ण पेन्सन नवीकरण र बैंक छनोट झन्झट समाप्त भएको छ । सरकारले तिर्नुपर्ने बैंक कमिसन पनि शून्यमा झर्ने मन्त्रालयले जनाएको छ। अर्थ मन्त्रालयका अनुसार अब निवृत्तभरक भौतिक उपस्थित हुन पर्दैन, घरैबाट सेवा प्राप्त गर्न सकिन्छ । भुक्तानी गर्नुपर्ने बैंक कमिसनको भार (वार्षिक सरदर १५ करोड) घट्ने भएको छ।

नगद प्रवाह अनुमानयोग्य भई ढुकुटीमा हुने चाप व्यवस्थापन गर्न सकिने समेत अर्थको भनाइ छ। पेन्सनको म्यानुअल गणनाका क्रममा हुने मानवीय त्रुटि कम हुने समेत अर्थले जनाएको छ। यो योजनाबाट ३ लाख ५२ हजार ८ सय १६ (निष्क्रिय ४४ हजार समेत) लाभान्वित हुने भएका छन्

यसअघि नयाँ निवृत्तभरक बैंक छान्ने कामका लागिमात्र निवृत्तभरण व्यवस्थापन कार्यालयमा अनिवार्य उपस्थित हुनुपर्ने अवस्था थियो । निवृत्तभरक स्वयं बैंकमै उपस्थित भई हरेक वर्ष खाता नवीकरण गर्नुपर्ने बाध्यता थियो ।

पेन्सन रकम र कर गणना गर्ने कार्य म्यानुअल्ली हुने गरेको थियो । समयमै नवीकरण नहुँदा नगद प्रवाह अनुमानयोग्य हुन् सकेको थिएन ।

# भिसा सहज बनाउँदै नयाँ अवसर खोजिनुपर्ने

सन्देश संवाददाता

काठमाडौं/नेपाल पर्यटन बोर्डले मध्यपूर्वमा बढ्दै गएको तनाव र संकटका कारण नेपाली पर्यटन क्षेत्रमा पर्नसक्ने नकारात्मक असर लाई न्यूनीकरण गर्न वैकल्पिक रणनीतिबारे सरोकारवालाहरुसँग छलफल गरेको छ । आयोजित मध्यपूर्व संकट र यसको नेपाली पर्यटनमा प्रभाव विषयक अन्तर्क्रियामा सहभागीले संकटलाई चुनौतीका रुपमा मात्र नभइ नयाँ अवसरका रुपमा समेत उपयोग गर्नुपर्नेमा जोड दिएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले मध्यपूर्व क्षेत्र नेपालका लागि प्रमुख पर्यटन स्रोत बजार मात्र नभइ युरोप र अमेरिकाबाट आउने पर्यटकका लागि मुख्य गेटवेसमेत रहेको बताए । उनले संकटका कारण हवाई सम्पर्क टुट्न सक्ने र पर्यटक आगमन प्रभावित हुने जोखिम औंल्याउँदै सरकारले विशेष टास्कफोर्स गठन गरेको जानकारी दिए। 'नेपाललाई सुरक्षित र सहज आवागमनको गन्तव्यका रुपमा प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध छ,' सचिव निरौलाले भने-टास्क फोर्सले आगामी मार्गचित्र तय गर्नेछ ।

बोर्डका सीईओ दीपकराज जोशीले वर्तमान पर्यटक आगमनको अवस्थाबारे प्रस्तुति दिएका थिए भने उपाध्यक्ष रामप्रसाद सापकोटा कमलले वैकल्पिक हवाईमार्ग र समयमै सूचनाप्रवाहको आवश्यकता औंल्याए । बढ्दो इन्धन मूल्य र हवाईभाडालाई सम्बोधन गर्न सरकार ले सहुलियत दिनुपर्ने व्यवसायीहरुको माग छ । पर्यटन बोर्डका सदस्य नरेन्द्रदेव भट्टले काठमाडौं-अष्ट्रेलिया र काठमाडौं-नारिता जस्ता नयाँ तथा पुराना सफल रुटहरुलाई थप प्रभावकारी बनाउनुपर्ने बताए । नाट्टाका अध्यक्ष कुमारमणि थपलियाले काठमाडौं-हङकङ रुटलाई विकल्पका रुपमा प्रयोग गर्न सुझाव दिए ।

परराष्ट्र मन्त्रालयका सहसचिव रामकाजी खड्काले अबको पर्यटनलाई आर्थिक कुटनीतिको आधार बनाउँदै भारत र चीनतर्फ बढी ध्यान केन्द्रित गर्नुपर्ने बताए । होटल एसोसिएसन नेपाल (हान) का अध्यक्ष विनायक शाहले युरोपबाट बुकिङ रद्ध भइरहेको अवस्थामा छिमेकी बजारका लागि विशेष प्याकेज ल्याउनुपर्ने बताए । शाहले भने-भारतीय पर्यटकलाई सीमाक्षेत्रमा हुने अनावश्यक सोधपुछले निरुत्साहित गरिरहेको छ । यसमा सरकारले सहजीकरण गर्नुपर्छ। नाटोका अध्यक्ष विश्वेश्वर श्रेष्ठले चीनमा विशेष प्रवर्द्धन गरेर विदेशी मुद्राको अभाव टार्न सकिने सुझाव दिए।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका निर्देशक सन्तुष्टकुमार बस्नेतले विमानस्थलको भौतिक सीमितताबारे जानकारी गराए। उनले हाल ३० वटा एयरलाइन्स सञ्चालनमा रहेको तर पार्किङ र ल्यान्डिङ क्षमताको अभावले ट्राफिक होल्ड हुने समस्या रहेको बताए । टान अध्यक्ष सागर पाण्डेले नेपाल एयरलाइन्सलाई सक्रिय बनाउन र इन्धनमा सहुलियत दिन माग गरे । विमान कम्पनीहरु एयर इन्डियाका प्रतिनिधिले परिस्थिति कठिन भए पनि उडान रद्ध नभएको र लचिलो बुकिङ प्रणाली अपनाइएको बताए ।

पर्यटन श्रमिक टुरगानका अध्यक्ष थानेश्वर देबकोटाले पर्यटक



सन्तुष्टिका लागि गाइडहरुको भूमिका महत्वपूर्ण हुने भन्दै समन्वयमा जोड दिए। संकटको समयमा छिमेकी देश (भारत र चीन) बाट पर्यटक आकर्षित गर्ने, हवाईभाडामा सहुलियत दिने र नेपाल अझै पनि सुरक्षित गन्तव्य हो भन्ने सन्देश विश्वव्यापीरुपमा प्रवाह गर्नु आवश्यक रहेको सरोकारवालाले बताए ।

विभिन्न एयरलाइन्सका प्रतिनिधिहरुले सन् २०२५ मा राम्रो पर्यटक आगमन रहेको र २०२६ को सुरुवात पनि सन्तुलित रहेको उल्लेख गर्दै संकटबाट बच्न नसकिने भए पनि सक्रिय रणनीतिले असर न्यूनीकरण गर्न सकिने बताए । 'युरोपबाट पहुँच कठिन भए अन्य गन्तव्य लक्षित गर्नुपर्छ,' उनीहरुले भने-नेपाल सुरक्षित, शान्त र दीगो गन्तव्य हो भन्ने सन्देश विश्वमा पुऱ्याउनुपर्छ । भिसा प्रक्रिया सहज बनाउँदै नयाँ अवसर खोज्नुपर्ने उनीहरुको धारणा थियो ।

## बागमती प्रदेशको चौथो जित, मधेसको फाइनल यात्रामा धक्का



सन्देश संवाददाता

मधेस/प्रदेशलाई पराजित गर्दै बागमती प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा चौथो जित दर्ता गरेको छ।

शुक्रबार भएको खेलमा बागमतीले मधेस प्रदेशलाई ३५ रनले हराएको हो । मधेसविरुद्ध जितका बाबजुद पनि बागमतीलाई फाइनल पुग्न कठिन देखिएको छ।

बागमतीसँग हारका कारण मधेसको फाइनल यात्रामा भने धक्का पुगेको छ। बागमतीले दिएको २०९ रनको लक्ष्य पछ्याएको मधेस प्रदेश ३४.३ ओभरमा १७३ रनमा अलआउट भयो ।

ओपनर मयन यादवले सर्वाधिक ४० रन बनाए। मोहम्मद आदिल अलामले २७, कप्तान अनिल शाहले २६ र विशाल सुशलिंगले २१ रन बनाए।

मोहम्मद समिरले १६ र अभिषेक तिवारीले १० रन थपे । अन्य ब्याटरले दोहोरो अंकको स्कोर छुन सकेनन् ।

बागमतीका प्रतिश जिसीले ९.३ ओभरमा ५५ रन दिएर पाँच विकेट लिए । रिजन ढकालले दुई विकेट आफ्नो नाममा गरे ।

त्यसअघि पहिले ब्याटिङ गरेको बागमती प्रदेशले ४८.४ ओभरमा २०८ रन बनाउँदा अलआउट हुन पुग्यो । उत्तम मगर ले बनाएको ४४ रन नै बागमतीका लागि सर्वाधिक रह्यो ।

कप्तान सन्दीप लामिछानेले ३६ र रिनजिन लामाले २९ रन रन थपे । आशुतोष घिरैयाले १८, रिजन ढकालले १५ र इशान पाण्डेले ११ रन बनाए। पाँच ब्याटरले दोहोरो अंकको स्कोर छुन सकेनन् ।

मधेसका पवन सरार्फले तीन विकेट लिए । मोहम्मद आदिल अलाम र रन्जित कुमारले समान दुई विकेट लिए । विशाल पटेल, प्रदीप पासवान र अरनिको योदवले समान एक विकेट लिए ।

## छुट जग्गा दर्ता तथा नामसारीको हकदावीसम्बन्धि सूचना

*निवेदक: राजु खड्का र सानुकान्छा खड्का (छोरा)* *ज.ध.: तेज बहादुर खड्का (बुवा) ।*

जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ४ को तेज बहादुर खड्काको नाममा नाप नक्सा भएको तपशिक्षका जग्गा हटिया मौजेको रैती नं.१०२ को रैती फिल्डबुकवालाको बुबा नैन सिं खड्काको नाममा साविक भोग लगत कायम रही दर्ता गर्न छुट भएकोमा निज र निजकी पत्नीको साविकमा नै मृत्यु भइसकेको र जग्गावाला तेजबहादुर खड्काको मिति २०७२/०७/१८ मा मृत्यु भएको र निजको एक मात्र पत्नी शुभद्रा कुमारी खड्काको पनि मिति २०५०/१२/२० मा मृत्यु भईसकेकोले निजहरुको हकमा हकखाने हकदारहरुमा निजहरुबाट जायजन्म भएको छोराहरुमा जेठो राजु खड्का र कान्छो सानुकान्छा खड्का भएकोमा उल्लेखित तपशिलका जग्गा साविकमा फिल्डबुकवाला तेजबहादुर खड्का र निजकी पत्नीको मृत्यु पूर्व निजहरुले नै र निजहरुको मृत्युपश्चात निजहरुका उल्लेखित हकदार छोराहरुले नै साविकदेखि हालसम्म निरन्तररुपमा जोतभोग तथा भोगचलन गरी आएकोले निवेदक छोराहरु राजु खड्का र सानुकान्छा खड्काको नाममा संयुक्त छुट जग्गा दर्ता तथा नामसारी गरी पाउं भनि हेटौडा उपमहानगरपालिका १७ नम्बर वडा कार्यालयको च.नं. ५१११ मिति २०८१/०२/२९ को छुट जग्गा दर्ता नामसारीसम्बन्धि हकदार तथा हकभोगसमेत खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, मृत्यु दर्ता प्रमाणपत्रहरु, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सासमेत संलग्न राखी यस कार्यालयमा द.नं./मि.नं. २६८ मिति २०८२/१०/०९ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकहरुको माग दावीबमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा निवेदकहरुबाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरुबाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वामित्वलगायतमा प्रतिकुल असर फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी मितिले ३५ (पैंतीस) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन । **तपशिल** :

| सि नं. | फिल्डवुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | फिल्डबुकवाला | साविक गाविस/नं. पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि | कैफियत/निवेदक | |
| १. | तेज बहादुर खड्का पं.हटिया वडा नं.-४ बुवा: नैन सिं बाजे: जर सिं | हटिया | ४ | १९३ | ०-१५-१६ | राजु खड्का र सानुकान्छा खडका | जिल्ला मकवानपुर हटिया मौजेको रै.नं. १०२ को रैती नैन सिं खड्का |

**मालपोत कार्यालय, मकवानपुर**

## मेरिल्यान्डको सांसद् प्रतिस्पर्धामा नेपाली

सन्देश संवाददाता

काठमाडौं/नेपाली मूलका युवा नेता अमेरिकाको मेरिल्यान्ड राज्यको हाउस अफ डेलिगेट्स बन्न प्रतिस्पर्धाको मैदानमा उत्रिएका छन् । सन् २००८ देखि अमेरिकामा बसोबास गर्दै आएका सतीश चापागाई मेरिल्यान्ड राज्यको डिस्ट्रिक्ट ७ (ए) बाट हाउस अफ डेलिगेट्सका लागि चुनावी दौडमा रहेका छन् ।

हाउस अफ डेलिगेट्स चयनका लागि मेरिल्यान्डमा आगामी नोभेम्बरमा हुने चुनावी प्रतिस्पर्धामा उनी डेमोक्रेटिक पार्टीबाट उम्मेद्वार बन्न प्राइमरी इलेक्सन (उम्मेद्वार छनौटका लागि पार्टीभित्र हुने निर्वाचन) मा प्रतिस्पर्धामा उत्रिएका हुन् । अमेरिकामा प्रत्येक तहको जनप्रतिनिधि उम्मेद्वार बन्न पहिलो चरणमा आफ्नो पार्टीभित्र प्राइमरी इलेक्सनमा निर्वाचित भएपछि मात्र सोही पार्टीबाट चुनावी प्रतिस्पर्धामा भाग लिन पाउने कानुनी प्रावधान रहेको छ। आगामी नोभेम्बरमा हुने हाउस अफ डेलिगेट्स निर्वाचनका लागि डेमोक्रेटिक पार्टीमा प्राइमरी इलेक्सन आगामी जुन २३ मा हुन गईरहेको छ ।

हाउस अफ डेलिगेट्स उम्मेद्वार बन्ने होडमा डेमोक्रेटिकको प्राइमरी इलेक्सनमा सतीशसँगै चार प्रतिस्पर्धी चुनावी मैदानमा छन् । चारमध्ये प्राइमरी इलेक्सनमा बढी मत ल्याउने दुई उम्मेद्वारका लागि डेमोक्रेटिकबाट छनौट हुनेछन् । हालसम्म सतीशसँगै लिडिया ब्राउन, चम बेकर र क्लिभलेन्ड रेनोल्ड जुनियर चुनावी प्रतिस्पर्धामा उत्रिने पक्कापक्की भइसकेको समाचार संस्थाहरुले जनाएका छन् ।

यीमध्ये बढी मत ल्याउने दुई उम्मेद्वारले आगामी नोभेम्बरमा हुने निर्वाचनमा रिपब्लिकन पार्टीका दुई उम्मेद्वारसँग प्रतिस्पर्धा गर्नेछन् । निर्वाचनमा प्रतिस्पर्धा गर्ने दुई पार्टीका चार उम्मेद्वारमध्ये विजयी हुने २ जना मेरिल्यान्डको डिस्ट्रिक्ट ७ (ए) को सांसद् बन्नेछन् । उक्त क्षेत्रमा ८३ हजार मतदाता छन् । जसमध्ये ४ प्रतिशत् एसियाली मूलका मतदाता छन् ।

## एफएनसीसी आइको निर्वाचन वैशाख २१ र २२ गते




सन्देश संवाददाता

काठमाडौं/नेपाल उद्योग वाणिज्य मंहासघको (एफएनसीसी आई) साधारण सभा एवं निर्वाचन वैशाख २१ र २२ गते हुने भएको छ । चैत २९ र ३०गतेका लागि निर्धारण भएको महासघको निर्वाचन एवम् साधारण सभा उच्च अदालत पाटनले बिहीबार अन्तरिम आदेश जारी गर्दै रोकेको थियो ।

बस्तुगत तर्फको सदस्य पेट्रोलियम ढुवानी महासघको उजुरीपछि अदालतले निर्वाचन रोकेपछि शुक्रवार महासघको पदाधिकारी बैठक बसेको थियो ।

पदाधिकारी बैठकले अदालती मुद्दाको विषयमा कानुनी परामर्श गरी निर्वाचन गर्ने निर्णय गरेको अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिए ।

पदाधिकारी बैठकको निर्णय अनुमोदनका लागि वैशाख ९ गते केन्द्रीय समितिको बैठक आव्हान गरिएको छ ।

## नामसारीको हकदावी सम्बन्धि ३५ दिने सूचना

*निवेदक: नुर प्रसाद तिमल्सिना समेत जना:४ छोरा ।* *ज.ध.: कृष्णमाई तिमल्सिना (सौतेनी आमा) ।*

जिल्ला मकवानपुर हेटौडा वडा नं. ६ कि.नं. १८८१८ र ९४१२ क्षे.फ.ज.वि. ०-१-० र ०-१-१० जग्गाको जग्गाधनी कृष्णमाई तिमल्सिनाको मिति २०८२/०९/१४ मा तथा निजकी पति मनहरी तिमल्सिनासमेत मिति २०७१/११/१६ गते मृत्यू भएको तथा मृतक मनहरी तिमल्सिनाको दुई श्रीमतीहरुमध्ये कान्छी श्रीमती मृतक ज.ध. कृष्णमाई तिमल्सिनाबाट कुनै पनि सन्तानको जायजन्म नभएको तथा जेठी श्रीमती ठ कुमारी तिमल्सिनाको तर्फबाट ४ जना छोराहरु नुरप्रसाद तिमल्सिना-१, टंकप्रसाद तिमल्सिना-१, चुडामणी तिमल्सिना-१ र हरिप्रसाद तिमल्सिना-१ गरी ४ जना छोराहरु तथा ६ जना छोरीहरुको जायजन्म भई विवाहदानसमेत भईसकेको तथा मृतक आमा कृष्णमाई तिमल्सिनाको पालन पोषण तथा औषधि उपचारसमेत निवेदक ४ जनाले नै गरेको कारण मृतकको नाममा रहेको माथि उल्लेखित हेटौडा वडा नं. ६ कि.नं. १८८१८ र ९४१२ क्षे.फ.ज.वि. ०-१-० र ०-१-१० जग्गाहरु आफूहरुको नाममा संयूक्त नामसारी माग गरी हेटौडा उपमहानगरपालिका वडा नं. ६ कार्यालयको च.नं. २०६० मिति २०८२/१२/०८ को नामसारी सिफारिस, ऐ.वडा कार्यालयको च.नं. २०७४ मिति २०८२/१२/०९ को पालनपोषण तथा काजकृयासम्बन्धि सिफारिस पत्र, नाता प्रमाण पत्र प्रतिलिपी जग्गाधनी प्रमाण पुर्जा, मृत्यू दर्ता प्रमाण पत्रहरुको प्रतिलिपीसमेत संलग्न राखी द.नं. १२२५९ मिति २०८२/१२/०९ मा सहिसनाखतसहित उल्लेखित छोराहरु नुरप्रसाद तिमल्सिना-१, टंकप्रसाद तिमल्सिना-१, चुडामणी तिमल्सिना-१ र हरिप्रसाद तिमल्सिना-१ गरी ४ जनाबाट मागदावी निवेदन पेश भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: निवेदकको मागदावी सत्य नभई झुठा भए वा जग्गाधनीको अविवाहित अवस्थामा मृत्यु नभएको भए वा जग्गाधनीका हकदारहरु निवेदक तथा मञ्जरी दिनेबाहेक अरु कोही भए वा जग्गाधनीको पालनपोषण तथा काजकृया अरुले नै भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भए वा निवेदकको मागदावीबमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले ३५ (पैतिस) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा सप्रमाण दावी उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**श्री मालपोत कार्यालय, मकवानपुर**

## हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

*निवेदक: हिरामाया आले (विवाहित छोरी)* *ज.ध: भूमाया राना भन्ने लिलामाया राना (आमा)*

जिल्ला मकवानपुर साविक वेतिनी वडा नम्बर-५ (हालको परिवर्तित वागमती गा.पा. वडा नं. ९ मकवानपुर) घर ठेगाना भई विवाहित छोरीको घर हेटौंडा उपमहानगरपालिका वडा नं. १८ बस्ने भूमाया राना भन्ने लिलामाया रानाको मिति २०५९/०१/३० तथा निजको पति डिलबहादुर रानाको समेत मिति २०१९/१०/२५ मा मृत्यू भएको, मृतक भूमाया राना भन्ने लिलामाया राना तथा डिलबहादुर रानाको तर्फबाट छोराहरुको जायजन्म नभएको र २ जना छोरीहरु यदुकुमारी पुलमी..१ र हिरामाया आले..१ गरी जना २ मात्र जायजन्म भएकोमा दुवैजनाको विवाह भईसकेको, मृतक लिलामाया राना भन्ने भूमाया रानाको नाममा दर्ता कायम रहेको साविक बेतिनी गा.वि.स. वडा नं. ५ (हालको परिवर्तित वागमती गा.पा. वडा नं. ९ मकवानपुर) को कि.नं. १९८ क्षे.फ. ३-१२-०-३ जग्गा मृतक आमा लिललामाया राना भन्ने भूमाया राना तथा बुवा डिलबहादुर रानाको मृत्यूपश्चात हामी दुईजना विवाहित छोरीहरु मात्र हकदार रहेको र मृतक आमा लिलामाया राना भन्ने भूमाया राना तथा बुवा डिलबहादुर राना समेतको जिवित हुँदा पालनपोषण औषधि उपचार हेरचाह तथा मृत्यूपश्चात काजकृयासमेत आफूहरुले गरेको भनि उल्लेखित मृतक लिलामाया राना भन्ने भूमाया रानाको नाममा रहेको साविक बेतिनी गा.वि.स. वडा नं. ५ कि.नं. १९८ क्षे.फ. ३-१२-०-३ जग्गा हामीहरु हकदारमध्ये यदुकुमारी पुलामीको मञ्जुरीले हिरामाया आलेको नाममा एकलौटी नामसारी गरी पाऊ भनी हेटौडा उपमहानगरपालिका वडा नं. १८ को च.नं. ३४४८ मिति २०८२/१२/२० को किटानी नामसारी सिफारिस, ऐ.ऐ. वडाको च.नं. ३५२१ मिति २०८२/१२/२४ को बसोबास प्रमाणित पत्र, ऐ. वडाको च.नं. ३३५४ मिति २०८२/१२/१५ को एकै नाम थर भएको सिफारिस पत्र, पालनपोषण सिफारिस, स्थलगत सर्जमिन मुचुल्का, नाता प्रमाण पत्र प्रतिलिपी, जग्गाधनी प्रमाण पुर्जा, मृत्यू दर्ता प्रमाणपत्रहरुको प्रतिलिपीसमेत संलग्न राखी द.नं. १३५१५ मिति २०८२/१२/१९ मा यदुकुमारी पुलामीको मञ्जुरीसहित हिरामाया आलेले सहिसनाखतसहितको मागदावी निवेदन पेश गर्नु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको नाम थर अन्यथा भएको भए वा जग्गाधनीका हकदारहरु निवेदक तथा मञ्जुरी दिनेबाहेक अन्य कोही भए वा जग्गाधनीको पालनपोषण तथा काजकृया अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भएको भए वा निवेदकको माग दावीबमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी/उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**श्री मालपोत कार्यालय, मकवानपुर**

## ड्रोन आक्रमणमा ३० जनाको मृत्यु

सन्देश संवाददाता

काठमाडौं/सुडानमा एक विवाह समारोहमा ड्रोन आक्रमण हुँदा करिब ३० जनाको मृत्यु भएको छ। उत्तर डार्फरको कुतुम कस्बे क्षेत्रमा विवाह समारोहमा अचानक गरिएको आक्रमणमा महिला र बालबालिकासहित करिब ३० जनाको मृत्यु भएको संयुक्त राष्ट्र महासचिवका प्रवक्ता स्टिफन दुजारिकले जानकारी दिएका हुन् ।

सुडानी सेना र अर्धसैनिक बल रैपिड सपोर्ट फोर्सेज आरएसएफबीच चलिरहेको युद्धबीच आक्रमण भएको हो । विगत ३ वर्षदेखि दुवै समूहले एक अर्कालाई आरोप/प्रत्यारोप लगाउँदै सुडानमा सर्घष दिनप्रतिदिन चर्काउँदै लगेका छन् । स्थानीय मानवधिकार संगठन इमरजेंसी लायर्स र रेजिस्टेंस कमेटिजले सामाजिक सञ्जालमार्फत् आक्रमणको जिम्मेवार सुडानी सशस्त्र बल रहेको बताएका छन् । संयुक्त राष्ट्रसंघको तथ्यांक अनुसार सन् २०२३ अप्रिलदेखि जारी दुई समूहबीचको युद्धमा हालसम्म ४० हजार बढीले ज्यान गुमाइसकेका हुन् । तर, राहत एजेन्सीहरुले भने तथ्यांकमा उल्लेख भएको संख्या भन्दा कयौं बढीको ज्यान गइसकेको दाबी गरेका छन् ।







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष


# ‘युवालाई आफ्नै गाउँमा बसौंबसौं बनाऔं’

सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको भावना र जनचाहनाबमोजिम काम गर्न वर्तमान सरकार सफल हुने विश्वास व्यक्त गरेका छन्। संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्दै उनले भने– वर्तमान संविधान कार्यान्वयनको १० वर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्वपूर्ण छन्। संघीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरु संस्थागत् भएका छन्। यही अवस्थाबाट वर्तमान सरकारले जनताका चाहना र भावना पूरा गर्नुपर्नेछ।

*राष्ट्रपति पौडेलले गरेको सम्बोधनको पूर्णपाठ:* भर्खर सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ। सर्वप्रथम, म नेपाली जनताले पटकपटक गरेका ऐतिहासिक आन्दोलन, संघर्ष र पछिल्लोपटकको जेनजी आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। संघीय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याइपुर्‍याउन भएका सबै आन्दोलन र संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणाका लागि युवापुस्ताको आन्दोलनपश्चात् मुलुकमा उत्पन्न जटिल परिस्थितिको निकासका लागि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरी छ महिनाभित्र प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्ने घोषणासहित तत्कालीन प्रतिनिधि सभाको विघटन भएको विषय हामी सबैलाई अवगत नै छ। फागुन २१ गते तोकिएकै समयमा स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सम्पन्न भइ ताजा जनादेशबमोजिम सरकार गठनसमेत भइसकेको छ। म यस अवसरमा निर्वाचनमा सहभागी हुने सबै राजनीतिक दल तथा उम्मेद्वार, निर्वाचित जनप्रतिनिधिलाई बधाई ज्ञापन गर्न चाहन्छु। उहाँहरुको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछु।

अन्तरिम सरकारको मुख्य जिम्मेवारी तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नु थियो। सोहीअनुसार तत्कालीन सरकारले राज्य संयन्त्रलाई लयमा ल्याइ भ्रष्टाचार न्यूनीकरण, सुशासन प्रवर्द्धन तथा सेवाप्रवाहमा सुधारसहित संवैधानिक र लोकतान्त्रिक अधिकारको संरक्षणका लागि कुशलतापूर्वक जिम्मेवारी निर्वाह गरेकामा हार्दिक धन्यबाद दिन चाहन्छु। प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण र निष्पक्षरुपमा सम्पन्न गर्न आआफ्नो तर्फबाट भूमिका खेल्ने तत्कालीन सरकार, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल तथा सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु। देशको विषम् र संवेदनशील अवस्थामा सबै राजनीतिक दल, युवापुस्ताका अभियन्ता तथा अगुवा, संवैधानिक अंग, सुरक्षा निकाय, राष्ट्रसेवक, सम्पूर्ण राज्यसंयन्त्रले निर्वाह गरेको भूमिका, सहयोग तथा नेपाली जनताले देखाएको संयमताप्रति आभार र धन्यबाद ज्ञापन गर्न चाहन्छु। निर्वाचनमार्फत् नेपालको संसदीय इतिहासमै अभुतपूर्वरुपमा युवावर्गको प्रतिनिधित्वसहित प्रतिनिधिसभा गठन भइ नयाँ सरकारले कार्यप्रारम्भ गरि सकेको छ। यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा युवापुस्ताको आकर्षण, विश्वास, सहभागिता र नेतृत्व विकास भएको स्पष्ट सन्देश दिएको छ।

जनताले उत्तरदायी र पारदर्शी शासन प्रणाली, प्रभावकारी सेवाप्रवाह, सबै क्षेत्र र तहमा भ्रष्टाचार अन्त्य र सुशासन स्थापना, विधिको शासन, मुलुकभित्र रोजगारीका अवसर, दण्डहीनता अन्त्य, सामाजिक न्याय, तीव्र आर्थिक सामाजिक विकास, शान्ति र स्थायित्वको आकांक्षा राखेका छन्। पटकपटक भएका जनआन्दोलन, संघर्ष र पछिल्लोपटक युवापुस्ताको आन्दोलनमार्फत् नेपाली जनताले प्रकट गरेको मर्म, भावना र चाहना पनि यही थियो। जनताको यी चाहना पूरा गर्न संसद्ले नागरिक केन्द्रित, जनकल्याणकारी कानुन निर्माण गर्नुपर्दछ। निर्माण भएका कानुनको मर्म र भावनाअनुरुप प्रभावकारी र परिणाममुखी कार्यान्वयनको सुनिश्चितता सरकारले दिनेछ भन्नेमा म विश्वस्त छु।

न्यायपालिकाबाट छिटोछरितो, स्वतन्त्र र निष्पक्ष न्यायसम्पादन हुनसक्यो भनेमात्र परिवर्तनका लागि अमूल्य जीवन उत्सर्ग गर्ने



सहिदहरुप्रति साँचो अर्थमा सम्मान हुने ठहर्छ। वर्तमान संविधान कार्यान्वयनको बिगत १० वर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्वपूर्ण छन्। संघीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरु संस्थागत् भएका छन्। तर, संविधानको मर्म र भावना तथा जनताको चाहनाबमोजिम हामीले गर्नुपर्ने काम अझै धेरै बाँकी छ।

आजका युवाको चाहना विगतभन्दा धेरै नयाँ छ। उनीहरु नयाँ कुरा सिक्न चाहन्छन्। परम्परागत् श्रमका क्षेत्रले मात्र श्रमबजारमा आउने जनशक्तिको अपेक्षा पूरा गर्न सक्दैन। तसर्थ, रोजगारीका नयाँ अवसरको खोजी गर्ने र बजारको मागअनुरुप जनशक्ति उत्पादन गर्न सक्षम हुने गरी शैक्षिक प्रणालीमा सुधार गर्दै विदेश पलायन भएको युवावर्गलाई आफ्नै देश र आफ्नै गाउँमा बसौंबसौं बनाउनुपर्ने आजको मुख्य आवश्यकतामा सरकारले ध्यान दिनेछ। श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न र श्रमको उचित प्रतिफल उपलब्ध गराएर देशमा काम गरेर केही हुँदैन भन्ने धारणामा परिवर्तन ल्याउन सरकारले ढिला गर्ने छैन भन्ने पनि मेरो विश्वास छ। निराश जनशक्तिबाट कुनै पनि मुलुकको उन्नति भएको पाइँदैन। हाल युवा तथा शिक्षित बेरोजगारहरुमा देखिएको निराशाको अवस्थालाई तोड्न सरकारले विशेष ध्यान केन्द्रित गर्नेछ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूत गर्न तथा आमनागरिकमा राज्यको अनुभूति दिलाउन सार्वजनिक सेवाप्रवाह चुस्तदुरुस्त हुनुपर्दछ। सरकारी संयन्त्रको सेवाप्रवाहमा हुने ढिलासुस्ती र अनियमितता हटाएर नागरिकले घरदैलोमै सरकार छ भन्ने अनुभूति गर्नसक्ने गरी सेवाप्रवाहको व्यवस्था मिलाउन सरकारले कुनै कसर बाँकी राख्ने छैन भन्ने पनि मेरो विश्वास छ। हालैका दिनमा विश्व परिवेशमा देखिएका द्वन्द्व तथा अस्थिरताको अवस्थालाई मध्यनजर गरी सरकार र सम्बद्ध सबै पक्षले राष्ट्रिय हितलाई केन्द्रमा राखी छिमेकी तथा मित्र–राष्ट्रहरुसँग सन्तुलित, विश्वसनीय र पारस्परिक सम्मान र सहयोगमा आधारित कुटनीतिक सम्बन्ध अगाडि बढाउनुपर्ने आवश्यकता छ।

जलवायु परिवर्तनले हामीलाई पारेको नकरात्मक प्रभावबाट परेको असर न्यूनीकरण गर्न जलवायु न्यायका लागि विश्व समुदायसँग सरकारले उचित पहल गर्नेछ। मुलुकमा लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, राष्ट्रिय एकताको प्रवर्द्धन तथा आर्थिक समृद्धिको साझा लक्ष्य हासिल गर्न हामी फुटेर होइन जुटेर, विगतका कटुता कोट्याएर होइन त्यसबाट पाठ सिक्दै एकताबद्ध भइ अघि बढ्नुपर्ने खाँचो छ। लोकतान्त्रिक मूल्य र मान्यता र आदर्शलाई आत्मसात् गरी सुशासन, विकास र समृद्धिको यात्रामा सम्पूर्ण नेपाली जनता, जनप्रतिनिधि–हरु, राजनीतिक दल तथा राज्य संयन्त्र एकजुट भइ अघि बढ्न आह्वान गर्दै सार्वभौम संसद्, नेपाली जनताको स्वतन्त्रता, सामाजिक न्याय, सुशासन र समृद्धिको चाहनालाई मुखरित गर्न सफल हुने विश्वास व्यक्त गर्दछु।

## सजनी स्टोर्स ग्लोहब हेटौंडा–१० मा खुल्यो



सन्देश संवाददाता

हेटौंडा/सजनी स्टोर्स ग्लोहब हेटौंडा १० बसपार्कमा पनि संचालनमा आएको छ। स्टोर्स ग्लोहबको उद्घाटन हबका संचालक चन्द्र डंगोल, सबिना डंगोल र सजनी डंगोलले संयुक्त रुपमा रिबन काटेर गरेका हुन्।

स्टोर्स ग्लोहबमा स्मार्ट चस्मा, घडीलगायत इलेक्ट्रोनिक सामानहरु सुलभ मुल्यमा पाइने जनाइएको छ। यसको शाखा हेटौंडा–११ मा पनि केही समय अगाडि सञ्चालनमा आएको छ।

हामी ब्यापारका साथसाथै गुणस्तरमा पनि ध्यान दिन्छौं र ग्राहकको चाहना पूरा गरेर गूड्विल कमाउछौं यो नै हाम्रो मुख्य उद्देश्य हुनेछ डंगोलले भने।

## अब ‘भेहिकल फ्रि असन’

सन्देश संवाददाता

काठमाडौं/धार्मिक, सांस्कृतिक, सामाजिक तथा व्यापारिक क्रियाकलापबाट राजधानीको असन बजारलाई जीवन्त र समृद्ध असन बनाउने लक्ष्य निर्धारण गरिएको छ। काठमाडौंको असन क्षेत्रको मौलिकतालाई जोगाउन बैशाख ५ गतेदेखि हरेक शनिबार सवारीसाधन प्रवेश निषेध गरेर सामाजिक, सांस्कृतिक तथा व्यापारिक क्रियाकलाप बढाउने निर्णय भएको हो। यसअघि स्थानीय संघसंस्था, क्लब तथा समुदायको चैत २८ गतेबाट कार्यक्रम सञ्चालन गर्ने तयारी थियो।

यस क्रममा काठमाडौं महानगरपालिका कार्यबाहक प्रमुख सुनीता डंगोलको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं, वडा अध्यक्ष योगेश खड्गी, प्रशासन विभागका प्रमुख महेश काफ्लेसहित सरोकारवाला कार्यालयका अधिकारी, स्थानीय संघसंस्था तथा क्लब र समुदायका प्रतिनिधिसहित बैठकले तयारीमा कमजोरी हुन नदिन कार्यक्रमलाई एक हप्ता पछाडि सारेर बैशाख ५ गतेबाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरेको हो।

‘असन, सुनदेखि नुनसम्म र जन्मदेखि मृत्युसम्मका धार्मिक तथा सामाजिक कामका लागि आवश्यक स्थान हो। यसको प्राचीन र सांस्कृतिक महत्व जोगाउनु हाम्रो दायित्व हो,’ बैठकमा कार्यबाहक प्रमुख डंगोलले भनिन्–वडा कार्यालयको नेतृत्व, सरोकारवाला र साझेदारहरुको सहभागिता र स्थानीय अपनत्वमा कार्यक्रम प्रारम्भ गरौं। थालिएको कामलाई दीगो बनाऔं। आवागमन र स्थानीयको सहजता तथा सुरक्षालाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिने उनको भनाइ थियो। ‘स्थानीय, संघसंस्था, क्लब तथा समुदायको साथमा वडाले कार्यक्रम अगाडि बढाएको हो,’ वडा अध्यक्ष खड्गी भन्छन्–कार्यक्रमले असन बजारको मौलिकतासँगै वायुप्रदुषण नियन्त्रण र सहरी वातावरण सुधारमा योगदान गर्नेछ।

छलफलमा काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रजित केसी, उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक लोकेन्द्रसिंह गुरुङ, महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले यातायात आवागमन र पैदलमार्ग व्यवस्थापन तथा सुरक्षा प्रबन्धलाई मजबुत बनाइने बताए। ‘भेहिकल फ्री असन’ कार्यक्रमअन्तर्गत् महानगरपालिकाको वडा–२७ वडा कमलाक्षी चोकदेखि असनसम्म, भोटाहिटी चोकदेखि असनसम्म र महाबौद्धबाट असनसम्मको क्षेत्रमा हरेक शनिबार सवारीसाधन प्रवेशमा रोक लगाइनेछ। यस क्षेत्रबाट गन्तव्य जाने सवारीसाधनलाई वैकल्पिक मार्ग प्रदान गरिनेछ। यस क्षेत्रलाई सम्पदा मार्गका रुपमा विकास गरेर स्थानीय परम्परागत् तथा रैथाने व्यापार/ व्यवसायलाई प्रवर्द्धन गरिनेछ। मौलिक सांस्कृतिक कार्यक्रम तथा सामाजिक क्रियाकलाप सञ्चालन गरिनेछ।

# ‘आधा सिलिन्डर भनेको ५ केजी हो ?’

सन्देश संवाददाता

बिर्तामोड/आधा सिलिन्डर एलपी ग्यासमा पनि कम तौल रहेको भेटिएको छ। पछिल्लो समय मध्यपूर्वमा जारी द्वन्द्वका कारण सरकारले ग्यासको आधा सिलिन्डर वितरण गर्न थाले पनि उक्त सिलिन्डरमा कम तौल रहेको भेटिएको हो। १४.२ केजी क्षमताको ग्यास सिलिन्डरमा आधा आपूर्तिको नाममा ७.१ केजी ग्यास हुनुपर्ने भए पनि उपभोक्ताले व्यवहारमा करिब ५ केजीमात्र ग्यास पाउने गरेकाले उपभोक्ता मारमा परेका हुन्।




ग्यासको मूल्य महंगो तिरेर पनि परिमाणमा कम ग्यास पाउनु उपभोक्तामाथिको अन्याय भएको राष्ट्रिय उपभोक्ता मञ्च झापा अध्यक्ष मदन गोपाल सुब्बाले बताए। कानुनीरुपमा १४.२ किलोग्राम ग्यास सिलिन्डरमात्र बिक्री वितरण गर्न पाइने व्यवस्था भएको र हाल त्यसको आधा ७.१ केजी ग्यास हुनुपर्नेमा करिब ५ केजीमात्र ग्यास पाउने गरेको उनले बताए। वर्षौंदेखि प्रयोग हुँदै आएका सिलिन्डरभित्र लेदो जम्ने भएकाले उपभोक्ताले आधा सिलिन्डर ग्याससमेत प्राप्त गर्न नसकेको बताउँदै उनले सरकारको निर्णयले आधा ग्यास दिँदा पाँच केजीमात्र ग्यास पाउने गरेको जिकिर गरे। बजारमा पाइने कतिपय सिलिन्डरमा ग्यासको सट्टा लेदो र पानी मिसाइएको हुनसक्ने बताउँदै उनले यस्ता सिलिन्डर छिट्टै सकिने, ज्वाला पहेंलो देखिने र भाँडामा कालोमोसो जम्ने समस्या देखिने गरेको बताए।

लेदो भरिएका सिलिन्डरले ग्यासको चाप अस्थिर बनाउने, रेगुलेटर र पाइपमा अवरोध ल्याउने तथा ग्यास चुहावटको सम्भावना बढाउने उनको भनाइ छ। कम तौल, गुणस्तरहीन र जोखिमयुक्त सिलिन्डर बजारमा पुगिरहेको बताउँदै राष्ट्रिय उपभोक्ता मञ्च झापा अध्यक्ष मदनगोपाल सुब्बाले कम तौल र गुणस्तरहीन ग्यास बिक्री गर्नु उपभोक्ता संरक्षण ऐनविपरीत कार्य भएकाले यसलाई कडाइसाथ लागु गर्ने जनाए।

२०६५ सालमा संशोधनसहित लागु गरिएको एलपीजी ग्यास विनियमावलीले घरेलु प्रयोजनका लागि १४.२ किलोग्राम क्षमताको सिलिन्डरलाई मात्र मान्यता दिएको, खाली सिलिन्डरको तौल करिब १५.३ किलोग्राम हुने र ग्याससहित कुल तौल झन्डै २९.५ किलोग्राम पुग्नुपर्ने मापदण्ड भए पनि त्यो कागजमै सीमित रहेको उनको भनाइ छ। उनले सिलिन्डरको तौल जोख्ने, घाँटीमा उल्लेखित परीक्षण मिति हेर्ने, खिया लागेको वा अत्यधिक पुरानो सिलिन्डर अस्वीकार गर्न उपभोक्तालाई आग्रह गरेका छन्।

महंगीको चापमा गुज्रिरहेका उपभोक्ताले न्यूनतम् सुरक्षासहितको सेवा पाउने अधिकार सुनिश्चित गर्न प्रभावकारी अनुगमन गर्नुपर्ने बताउँदै उनले उपभोक्ताको गुनासोका आधारमा प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललाई समेत जानकारी गराएको जनाए। चाडपर्वका बेला सीमित औपचारिक अनुगमन गरेर जिम्मेवारी टार्ने प्रवृत्ति देखिएकाले उपभोक्ताको ज्यानको संवेदनशील विषयमा नियामक निकाय मौन रहँदा उद्योगीको मनोमानी बढेको हो।

जिल्ला प्रशासन कार्यालय, स्थानीय तह र गुणस्तर तथा नापतौल विभागलगायत निकायले अनुगमन समिति गठन गरे पनि तिनीहरु प्रभावकारीरुपमा परिचालन हुन नसकेको उनले बताए। पुराना तथा मापदण्डविपरीत प्रयोग भइरहेका ग्यास सिलिन्डरले जोखिम बढाएको बताउँदै उनले उद्योगीहरुले समयमै सिलिन्डर प्रतिस्थापन नगर्दा उपभोक्ताको ज्यानै जोखिममा परेको जिकिर गरे। उद्योगीहरुलाई पुराना सिलिन्डर हटाएर नयाँ ल्याउन पटकपटक आग्रह गरे पनि उनीहरुले २५ वर्षसम्म सिलिन्डर प्रयोग गर्न पाइन्छ भन्ने अडान लिँदा समस्या जटिल बनेको उनको भनाइ छ। पुराना तथा मापदण्डविपरीत प्रयोग भइरहेका ग्यास सिलिन्डरबाट झापामा एक जनाको मृत्यु एवम् १५ जना घाइते भएको उनले बताए।

२०७८ सालमा झापाको मेचीनगर–८ मा भएको सिलिन्डर विस्फोटमा ४५ वर्षीय शरद् राज वंशीको ज्यान गएको थियो भने १२ जना गम्भीर घाइते भएका थिए। २०७८ पुस २७ गते झापा–७ मा भएको ग्यास विस्फोटमा ४२ वर्षीय रोमनाथ खनाल, पत्नी दुर्गा खनाल र छोरा पंकज खनाल घाइते भएका थिए। त्यसयता पनि झापामा ग्यासजन्य आगलागी र विस्फोटका घटना दोहोरिँदै आएको छ। उनले ग्यास सिलिन्डरको नियमित परीक्षण, समयमै म्याद सकिएका सिलिन्डरको प्रतिस्थापन र वितरण प्रक्रियामा पारदर्शिता कायम नगरेसम्म यस्तो जोखिम न्यूनीकरण नहुने बताए।

*सूर्यनगर गोल्डकप फुटबल प्रतियोगिता सुरु*

## अस्मिर गोङबाको उत्कृष्ट प्रदर्शनीमा हेटौंडा फुटबल एकेडेमी सेमीफाइनलमा




सन्देश संवाददाता

हेटौंडा/नवलपरासी जिल्लाको बर्दघाट नगरपालिकामा १० औं संस्करणको सूर्यनगर गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ। श्री नव युवा क्लबको आयोजनामा तथा बर्दघाट नगरपालिकाको संरक्षणमा शुक्रबारबाट सुरु भएको सूर्यनगर गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा मकवानपुरको हेटौंडा फुटबल एकेडेमीले जीत निकाल्दै सेमीफाइनलमा प्रवेश गरेको छ।

शुक्रबार भएको पहिलो तथा उद्घाटन खेलमा गोलरक्षक अस्मिर गोङबाको उत्कृष्ट प्रदर्शनीमा चितवन जिल्लाको हार्दिक युवा समाजलाई टाइब्रेकरमा ४–१ गोल अन्तरले सहजै पराजित गर्दै मकवानपुरको हेटौंडा फुटबल एकेडेमी सेमीफाइनलमा प्रवेश गरेको हो। खेलको निर्धारित समय अवधीभर दुबै पक्षको टिमबाट कुनै पनि गोल हुन नसकेपछि नतीजाका लागि पेनाल्टी सुटआउटको सहारा लिनुपरेको थियो।

हेटौंडा फुटबल एकेडेमीको तर्फबाट ४ जना खेलाडी कुमार लामा, गणेश बुढाथोकी, सञ्जय लामा र अभिन योञ्जनले प्रहार गरेको बल क्रमश:गोलमा परिणत हुन सफल भएको थियो भने चितवनको हार्दिक युवा समाजको तर्फबाट ज्ञान पुलामीले पहिलो चरणमा मैदानमा प्रवेश गरेर प्रहार गरेको बल मात्र गोलमा परिणत हुदैं सान्त्वना गोल हुन पुगेको थियो। यस्तै चितवनको हार्दिक युवा समाजबाट दोस्रो र तेस्रो पटक सुरज क्षेत्री र सौरभ तामाङले प्रहार गरेको बललाई हेटौंडा फुटबल एकेडेमीका खेलाडी अस्मिर गोङबाले उत्कृष्ट प्रदर्शनीकासाथ सहजै रोक्दिएका थिए।

बर्दघाट १६ स्थित सूर्यनगर रंशगालामा सुरु भएको प्रतियोगितामा ८ वटा टिमहरु हेटौंडा फुटबल एकेडेमी र हार्दिक युवा समाजसहित रुपन्देही जिल्लाको देवदह ब्वाइज, पर्सा जिल्लाको वीरगञ्ज युनाइट, आयोजक, नवलपुरको अभिषेक चर्च, सर्लाही जिल्लाको बागमती युथ क्लब र छिमेकी मूलुक भारतको एमएएससी लगायतका क्लबहरुको सहभागिता रहेको एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामाले जानकारी गराएका छन्।

खेलको म्यान अफ द म्याच हेटौंडा फुटबल एकेडेमीकै अस्मिर गोङबा घोषित हुदैं ३ हजार रुपैयाँको नगद पुरस्कार तथा ट्रफी प्राप्त गरेका छन्। अब हेटौंडा फुटबल एकेडेमीले सेमीफाइनल प्रवेशका लागि बैशाख १ गते रुपन्देही जिल्लाको देवदह ब्वाइज र पर्सा जिल्लाको वीरगञ्ज युनाइटेडबीचको विजेता टिमसाग प्रतिस्पर्धा गर्नुपर्नेछ। उक्त खेलमा जित निकाले हेटौंडा फुटबल एकेडेमीको टिमले फाइनलको यात्रा पूरा गर्नेछन्।

प्रतियोगिताको उपाधि विजेता टिमले ६ लाख ६६ हजार ६ सय ६६ रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ३ लाख ३३ हजार ३ सय ३३ रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिताको फाइनल खेल बैशाख ४ गते हुने आयोजकले जानकारी दिएको छ।

## नयाँ सरकार बने पनि बजारमा अधिक तरलता



सन्देश संवाददाता

काठमाडौं/नेपाल राष्ट्र बैंकले शुक्रबार १ खर्ब २५ अर्ब निक्षेप संकलन गरेको छ। नयाँ सरकार बनेको दुई साता बित्न लाग्दासमेत बजारमा अधिक तरलता कायम छ। अधिक तरलता कम गर्न राष्ट्र बैंकले शुक्रबार फेरि निक्षेप संकलन उपकरण बोलकबोलमार्फत् निक्षेप खिचेको हो।

लामो समयदेखि आर्थिक गतिविधि शिथिल भएका बेला जेनजी आन्दोलन भएपछि बैंकहरुबाट कर्जाप्रवाह बढ्न सकेको छैन। तत्काल कर्जाप्रवाह वृद्धि नहुने आँकलन गर्दै निक्षेप वृद्धिमा रुचि नदेखाएका बैंकहरुले ब्याजदर घटाउँदै मुद्धति निक्षेपलाई निरुत्साहित गरिरहेका छन्। हाल कुल निक्षेप ७८ खर्ब भन्दा बढी पुगेको छ।

केन्द्रीय बैंकले वित्तीय प्रणालीको अधिक तरलता र ब्याजदर व्यस्थापनका लागि निक्षेप संकलन उपकरण र स्थायी निक्षेप सुबिधामार्फत् तरलता खिच्दै आएको छ। बोलकबोलमा राष्ट्र बैंकबाट इजाजतप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थामात्र सहभागी हुन पाउनेछन्। दीर्घकालीन निक्षेप संकलन रकम बाँडफाँट गर्दा काउण्टर पार्टीहरुले बोल गरेका ब्याजदरअनुसार सबभन्दा कम दर बोल गर्ने रकम प्राथमिकता क्रममा राखी आह्वान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ।

निक्षेप चुलिँदा शुक्रबार अनलाइन खरिद प्रणालीमार्फत् बोलकबोल गर्न लागिको छ र ब्याजदर बोलकबोलको माध्यमबाट निर्धारण हुनेछ भने बोलकबोल हुने निक्षेप संकलन उपकरणको सावा तथा ब्याज २०८३ बैशाख २ गते भुक्तानी हुने राष्ट्र बैंकले जानकारी दिएको छ। बोल गर्न सकिने रकम न्यूनतम् १० करोड र अधिकतम् ५ करोडले भाग गर्दा नि:शेष भाग जाने गरी कुल आह्वान रकमसम्म थियो।

खासगरि केन्द्रीय बैंकको खुला बजार कार्यविधि अनुसार वित्तीय बजारमा दीर्घकालीन प्रकृतिको अधिक तरलता देखिए त्यसको व्यवस्थापन गरी बजार ब्याजदर व्यवस्थित गर्न कारोबार सञ्चालन समितिले आवश्यकता अनुसार कुनै पनि दिन संरचनात्मक खुला बजार कारोबार अन्तर्गत् बढीमा ६ महिना अवधिको दीर्घकालीन निक्षेप संकलन गर्नेछ।

**हार्दिक बधाई**



यस संघका सञ्चालक **श्री शिरोमणि प्याकुरेल**ज्यू हालै हेटौंडामा सम्पन्न उद्योग संघ मकवानपुर, हेटौंडाको ५४ औं साधारणसभा सभा तथा १८ औं अधिवेशनबाट महासचिव पदमा सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै साथै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं
गोकर्ण पराजुली (अध्यक्ष) एवम्
**नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि.**
हेटौंडा, मकवानपुर

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाफै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




**चालु फेन्सी पसल बिक्रीमा**

हेटौंडा–४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।
**सम्पर्क** :
९८४५०३१७८६, ९८२११४००२२

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा–२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जगगासंग साट्नसमेत सकिनेछ।
**सम्पर्क नम्बर** : ९८४५१२३३६६

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने